
बौद्ध मासिक


# धर्म चक्षु



भिक्षु सुदर्शन महास्थवीर

# DHARMA CHAKSHU

मूल्य रु १५/-



पोखराको विश्व शान्ति स्तूप पुनर्निर्माण समितिका पूर्व राष्ट्रिय अध्यक्ष

धर्मोदय सभाका पूर्व केन्द्रीय सभापति तथा धर्मानुशासक

**बौद्ध विद्वान, भाषा सेवी र सबैका सहयोगी**

*भिक्षु सुदर्शन महास्थविरज्यूको २०५९ श्रवण ५ गते असामयिक*

निधन भएकोमा उहाँ प्रति भावपूर्ण श्रद्धाञ्जलि अर्पण

गर्दै उहाँको निर्वाण लाभको कामना गर्दछौं ।

**कृष्ण बहादुर गुरुङ्ग**

अध्यक्ष

**विश्व शान्ति स्तूप समिति परिवार**

अनदू मिन धुम्की, पुम्दी भुम्दी, पोखरा

Wondershare PDFelement

# धर्म चक्षु

THE DHARMA CHAKSHU
A Buddhist Monthly
Pokhara, Nepal

**August : 2002**

धर्मशिला बुद्ध विहार, पोखरा

वर्ष - ६, अङ्क २, पूर्णाङ्क - १९
गुं पुन्ही, भाद्र २०५९



**प्रकाशक/प्रधान सम्पादक**

भिक्षु श्रद्धानन्द, फोन नं :- २०५१७

**सम्पादक**

तिलकमान गुभाजू

**व्यवस्थापक**

अनागारिका कर्मशिला
(संस्थापिका, धर्मशिला विद्वत वृत्ति)

**सह व्यवस्थापक**

युवा बौद्ध संघ
(विकाशरत्न शाक्य, चेतन सिं ताड्वे, बलराम लामा)

**सहयोगीहरु**

याम कुमारी गुरुङ्ग, बलबहादुर अधिकारी, सनकमान सी.के.

**सम्पर्क कार्यालय**

१४४ - नयाँ बजार, पोखरा - ८
फोन नं :- २०२४६

**कम्प्यूटर सेटिङ्ग**

मिन नारायण श्रेष्ठ

**मुद्रण**

हिमालयन अफसेट प्रेस
नयाँ बजार, पोखरा


धर्म चक्षुको अगाडीको कभर पेज विश्व शान्तिस्तुप समितिद्वारा प्रायोजित गरिएको हो।

सम्पादकीय......................

## बौद्ध जगतका उज्वल तारा अस्ताए

अखिल नेपाल भिक्षु महासंघका उपाध्यक्ष, बौद्ध विद्वान एवं भाषा सेवी भिक्षु सुदर्शन महास्थविर ललितपुरको ओकुबहालमा १९९१ सालमा जन्मनु भएको थियो। उहाँ २००६ सालमा दीक्षित हुनु भयो। किशोर अवस्थादेखि नै उहाँ अत्यन्त जिज्ञासु र परिश्रमी हुनुहुन्थ्यो। उहाँको परिश्रम र प्रतिभावाट प्रभावित भएर भारतका ख्याति प्राप्त भिक्षु आनन्द कौशल्यायनले उहाँलाई "छोटा भन्ते" भन्दै महत्वपूर्ण जिम्मेवारी सुम्पने गर्नुहुन्थ्यो।

हुने विरुवाको चिल्लो पात भनेको शायद् त्यही हो। उहाँ जहाँ जानु हुन्थ्यो, त्यही आफ्नो छाप छोड्नु हुन्थ्यो। उहाँ दूरदृष्टि राख्नु हुन्थ्यो र लक्षित काम पूरा गरेर छोड्नु हुन्थ्यो। उहाँ भगवान बुद्धको जन्मस्थल नेपालमा बुद्ध धर्म सम्बन्धि उच्च अध्ययन गर्ने व्यवस्था नभएकोमा खिन्न हुनु हुन्थ्यो। त्यसको लागि उहाँले आफै अग्रसर भएर प्रयास गर्नु भयो। जसको परिणाम त्रिभुवन विश्वविद्यालयमा बौद्ध कक्षा सञ्चालन भयो।

बौद्धहरु आफ्नो धर्मप्रति जागरुक नभएकोमा उहाँ चिन्तित रहनु हुन्थ्यो। त्यसकोलागि उहाँले जनजाति आदिवासी लगायत सबै बौद्धहरुको लागि तालिम र प्रशिक्षणको व्यवस्था गर्नु भयो। जसबाट अन्धकारमा परेकाहरुको आँखा खुले झैं खुल्यो र उनीहरुले "हामी बौद्ध हौं" भनेर सगर्व भन्न थाले।

बुद्ध धर्मको प्रचारको लागि किताबको अभाव भैरहेको बेलामा उहाँले लेखकहरुलाई कलम चलाउन भन्नु भयो। उहाँको प्रेरणा, प्रोत्साहन, व्यवस्थापन र आर्थिक सहयोगमा नेपाली र नेवारी भाषामा महत्वपूर्ण बौद्ध शास्त्रहरु प्रकाशित भैरहका छन्।

जनजाति आदिवासीहरुको भाषाको उत्थान र विकासको लागि पनि उहाँले धेरै पसिना बगाउनु भएको छ। नेवारी भाषामा त थुप्रै किताबहरु प्रकाशित गरेर उहाँले श्रेष्ठ शिरपा र भाषा थुवा जस्तो पुरस्कार पनि जित्नु भएको थियो। उहाँ नेवार भाषा एकेडेमीका उप कुलपति पनि हुनुहुन्थ्यो।

लुम्बिनीको विकास गराउनमा उहाँको महत्वपूर्ण भूमिका रहेको थियो। मायादेवी मन्दिरको पुनः निर्माण गराउनमा पनि उहाँले धेरै परिश्रम गर्नु भएको थियो। कीर्तिपुरमा नगरमण्डप श्रीकीर्ति विहार बनाएर बौद्ध जगतमा दर्शनीय एवं तीर्थ स्थल थप गर्नु भयो भने पोखराको विशेषताको रुपमा रहेको विश्व शान्ति स्तूपको निर्माणमा पनि उहाँको योगदान रहेको छ। २०२६ सालमा आयोजित ऐतिहासिक बौद्ध तीर्थ यात्रामा उहाँले जुन व्यवस्थापन र नेतृत्वदायी भूमिका निर्वाह गर्नु भयो, त्यसको लागि पनि उहाँ स्मरणीय हुनु हुन्छ।

उहाँले २०२९ सालमा पोखरामा सम्पन्न महापरित्राण र नेपालमा नै पहिलो बौद्ध सम्मेलनको वेलामा आफूले लेख्नु भएको "बुद्ध र बौद्ध संस्कृति" नामक किताव प्रकाशित गर्न दिएर हामीलाई ठूलो गुण लगाउनु भएको छ।

यस्ता महत्वपूर्ण काम गरेर बुद्ध शासनमा नेतृत्वदायी सशक्त भूमिका निर्वाह गर्नु भएका, राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रमा ख्याति कमाउनु भएका, निस्वार्थ, निर्भिक र निडर तथा आफ्नो व्यक्तिगत नाममा सम्पत्ति राख्न नचाहने र संकलित रकम बुद्ध धर्मको प्रचार कार्यमा लगाउने महान व्यक्तित्व, बौद्ध जगतका उज्वल तारा गत श्रावण ५ गते अस्ताएकोमा धर्मचक्षु परिवार दुःख व्यक्त गर्दछ र अनिच्चावत शखारको शब्द उच्चारण गर्दै उहाँको निर्वाण लाभको कामना गर्दछ।

# श्रद्धा सुमन

❑ भिक्षु श्रद्धानन्द

पुजनीय भिक्षु सुदर्शन महास्थविर जो अखिल नेपाल भिक्षु महासंघका उपाध्यक्ष हुनु हुन्थ्यो, शहीद गंगालाल हृदय रोग केन्द्र, काठमाण्डौमा गत श्रावण ५ गते असामयिक निधन भएको समाचार सुन्दा मनमा ठूलो चोट पऱ्यो । उहाँको निधनले अति दुःखित तुल्याएको छ । आज हामी बौद्धहरु धेरै शोक विह्वल छौं । किनभने हामीले बुद्ध शासनको अति दरिलो भरपर्दो खम्बा गुमाएका छौं । उहाँ बुद्ध धर्मका महान प्रचारक हुनु हुन्थ्यो । उहाँ बुद्ध धर्मको एक अति परिश्रमी बौद्ध विद्वान हुनु हुन्थ्यो । उहाँ वास्तवमै अति प्रज्ञावान हुनु हुन्थ्यो । ने.स. १०५४ अर्थात् वि.स. १९९१ को आषाढ कृष्ण पक्षका दिन पाटन ओकुवहालको न्हूछेराज र हर्षनायाको कोखबाट माहिला सुपुत्र जन्म्यो । बालकलाई रुद्रराज भनि नामाकरण गरियो । बालक रुद्रराज विद्याध्ययन गर्ने सिल सिलामा भिक्षुहरुका सत्संगतमा परि बुद्ध शिक्षा अध्ययन गर्नु भयो । उहाँले बुद्ध धर्मको शिक्षा ग्रहण गर्दा गर्दै आफू पनि श्रामणेर प्रव्रजित हुने इच्छा गर्नु भयो । उहाँको ईच्छापूर्तिको निमित्त अखिल नेपाल भिक्षु महासंघका वर्तमान अध्यक्ष भिक्षु बुद्धघोष महास्थविरका साथ भारतको कुशी नगरमा जानु भई स्थानिय निवासी भिक्षु चन्द्रमणि महास्थविरको उपाध्यायत्वमा वि.स. २००६ पौष २४ गते प्रव्रजित भई श्रामणेर सुदर्शन हुनु भयो ।

उहाँले बुद्ध धर्मको गम्भीर अध्ययन गर्नको लागि वर्मा (म्यानमार)मा जान प्रयास गर्नु भएको थियो । सो उद्देश्य पूर्तिको निमित्त उहाँ कलकत्तामा बस्नु भएको वेलामा धर्मोदय पत्रिकाको तात्कालिन सम्पादक भिक्षु महानाम "कोविद" को सम्पर्कमा आउनु भई धर्मोदयको अन्तरग सम्पादक भएर काम गर्नु भयो । उहाँ धर्मोदय मासिक पत्रिकाको अन्तरग सम्पादक भई काम गर्नु हुंदा हुंदै सहायक सम्पादक सम्म हुनु भयो ।

उहाँ ३० नोबेम्बर १९६४ (ने.स. १०८४) मा भारतको सारनाथ बाराणासीमा नेपालको भिक्षु प्रज्ञानन्द महास्थविरको उपाध्यायत्वमा उपसम्पन्न हुनु भई भिक्षु सुदर्शन हुनु भयो ।

उहाँको दर्शन मैले २०२९ साल मै पाएको थिएँ । तर धेरै नजिक भएर सम्पर्कमा आएको २०४३ साल कार्तिक देखि हो । उहाँ अति सरल स्वभावको र मिलन सार हुनु हुन्थ्यो । उहाँमा सहयोगी भाव धेरै पाएँ । उहाँले बुद्ध धर्मको प्रचार प्रसारको कार्यमा धेरै योगदान पुऱ्याउनु भएको कुरा सर्व विदीत छ । बुद्ध धर्मको प्रचारमा लागि रहने व्यक्ति धेरै कम भएकोले सँधै चिन्तित भई उहाँ आफै निरन्तर लागि पर्नु हुन्थ्यो । बुद्ध शासन स्थिर वनाउन र सद्धर्मको प्रचार प्रसारको लागि कहाँ के कस्तो गर्नु पर्छ र कसलाई के भन्नु पर्दछ, त्यो भन्न र गर्न तत्पर भई आफै अग्रसर भई लागि रहने उहाँ अति परिश्रमी व्यक्ति हुनु हुन्थ्यो । उहाँ महास्थविर भिक्षु भएर पनि सबैसग घुलमिल भएर बस्न सक्ने र सहयोगी भई काम गर्नु हुन्थ्यो । भगवान बुद्धको पवित्र जन्मस्थल लुम्बिनीको विकास, मायादेवी मन्दीरको पुनः निर्माण देखि त्रिभुवन विश्वविद्यालयमा बौद्ध दर्शनको पठनपाठन गराउनमा समेत उहाँले ठूलो योगदान पुऱ्याउनु भएको थियो । बुद्ध धर्मको विकासको लागि चिन्तनशील र नयाँ सोच विचार दिन सक्ने अतुलनीय व्यक्तित्व हुनु हुन्छ । यसको लागि उहाँ अन्तर्राष्ट्रिय व्यक्तित्व हुनु हुन्छ ।

जुन वेला पूज्य महानायक, आचार्य डा. अमृतानन्द महास्थविर परलोक हुनु भएको थियो, त्यसवेला भिक्षु संघमा अनुशासकको ठूलो रिक्तताको महशुस भएको थियो । तर पूज्य सुदर्शन महास्थविरले भिक्षु

सघलाई रिक्ततालाई विर्साउने किसिमले निर्देशन गर्दै आउनु भएको थियो । उहाँको बुद्ध धर्म प्रति समर्पित भाव र कृयाकलापले गर्दा उहाँ बौद्ध जगतमा अन्तर्राष्ट्रिय व्यक्तित्वको रुपमा प्रतिष्ठित भई सक्नु भएको छ ।

उहाँ बहु आयामिक व्यक्तित्व हुनु हुन्थ्यो । दिवंगत भिक्षु सुर्शन महास्थविरले धर्ममा मात्र होईन अन्य धेरै क्षेत्र, भाषा, साहित्य र संस्कृति आदिमा पनि उल्लेख्य सेवा पुर्‍याउनु भएको छ । पञ्चायत कालमा उहाँले नेपाल भाषाको लागि आन्दोलन गर्नु भयो । जसको परिणाम एकजना भिक्षु भएर पनि उहाँले २०१९ सालमा ६ महिना ६ दिन जेल यातना भोग्नु भयो । उहाँले नेपाली र नेवारी (नेपाल भाषा) मा धेरै पुस्तकहरु लेख्नु भएको छ । उहाँ नाटक लेख्नमा सिद्धहस्त नै हुनु हुन्थ्यो । उहाँ कुटनैतिक भाषामा पनि पोख्त हुनु हुन्थ्यो ।

उहाँले साहित्यमा कोविद, साहित्य रत्न, इतिहास संस्कृतिमा एम.ए. गरी महेन्द्र विद्या भुषण प्राप्त गर्नु भएको थियो भने श्रेष्ठ शिरपा, भाषा थुवा शिरपा आदिवाट पनि विभूषित हुनु भएको थियो । उहाँ लुम्बिनी विकास कोषका सल्लाहकार, नेपाल भाषा एकेडेमीका उपकुलपति धर्मोदय सभाको पूर्व सभापति र धर्मानुशासक, नेपाल बौद्ध परियत्ति शिक्षाका सह-शिक्षाध्यक्ष, त्रि.वि.वि.का प्राध्यापक लगायत धेरै संघ संस्थाहरु र प्रतिष्ठानहरुसंग सम्वद्ध हुनु हुन्थ्यो । पोखराको विश्व शान्ति स्तूप पुनः निर्माण समितिको अध्यक्ष भएर उहाँले धेरै सेवा गर्नु भयो । पोखराको बौद्ध गतिविधिमा विशेष रुचि लिएर उहाँले के कस्तो गर्नु पर्दछ ? मलाई निर्देशन र सल्लाह दिनु हुन्थ्यो ।

यस्ता महान दूरदर्शी उद्यमशील व्यक्तित्व भिक्षु सुदर्शन महास्थविरको असामयिक निधन भएर राष्ट्र र बौद्ध जगतको लागि अपूरणीय क्षति भएको छ । हामी संघ सदस्यहरुले साँघिक क्रियाकलाप अघि बढाउनमा निरन्तरता ल्याउन सक्यौं र उहाँको बुद्ध धर्म प्रचार प्रसारको लागि सम्पूर्ण त्रिपिटक नेपालीमा अनुवाद गर्ने संकल्प पूर्ण गर्न सक्यौं भने उहाँ प्रति सच्चा श्रद्धाञ्जली चढाएको हुनेछ ।

यस्ता महान निर्देशक, बुद्ध शासनका तेजिलो तारा, दिवंगत पूज्य सुदर्शन महास्थविरको निर्वाण कामना गर्दै हार्दिक श्रद्धा सुमन चढाउँछु ।

## निर्वाण लाभको कामना



मेरी धर्मपत्नी श्रीमती विपना बुद्धाचार्यको २०५९ साल आषाढ २६ गतेका दिन असामयिक एवं दुःखद् निधन भएकोमा म र मेरो परिवार सबै शोक विह्वल भएका छौं ।

यस शोकको घडीमा समवेदना प्रकट गर्नु हुने सम्पूर्ण इष्ट मित्र, नाता, कुटुम्ब तथा शुभ चिन्तकहरुमा म मेरो सम्पूर्ण परिवारको तर्फबाट हार्दिक धन्यवाद टक्र्याउन चाहान्छु र दिवंगत धर्म पत्नीको चिरशान्ति र निर्वाणलाभको हार्दिक प्रार्थना गर्दछु ।

**मनोज बुद्धाचार्य**

मोहरियाटोल, पोखरा

*स्तुती र पुजाबाट वरदान प्राप्त गर्ने धर्म बुद्ध धर्म होइन । यसमा आफ्नो परित्राण आफैले गर्नु पर्दछ ।* - भिक्षु सुदर्शन महास्थविर

# भिक्षु सुदर्शन र धर्म निरपेक्ष अधिराज्य नेपाल : एक समीक्षा

☐ डा. गेहेन्द्रमान उदास "पोखरेली"

श्रद्धेय भिक्षु सुदर्शन महास्थविर आज हाम्रो साथमा रहनु भएन । जन्म, बाल अवस्था, युवक अवस्था, वृद्ध अवस्था र मरण अवस्था आदि प्राकृतिक सिद्धान्त र नियनबाट सदाको लागि मुक्त भएर ६८ वर्षको उमेरमा उहाँले निर्वाण प्राप्त गर्नु भयो, जन्म-मरणदेखि सँधैको लागि मुक्त रहनु भयो । यही सार्वभौमिक सत्यको बोधलाइं बौद्ध वाङ्मयमा परिनिर्वाण र हिन्दूवाङ्मयमा मुक्ति भनिन्छ ।

उहाँसँगको थोरै समयको अन्त्यको समयमा मात्र होइन, त्यो भन्दा अघि पनि उहाँको प्रज्ञावान जीवन शैलीले व्यक्ति पुनर्जन्मको भ्रमजालबाट मुक्त रहेर बाचुन्जेल सम्म समाज संसारको लागि त्यो प्रज्ञाज्योति छर्नु पर्छ भन्ने बुद्धत्व अनुभूत गरी नै रहनु भएकोले जीवित अवस्थामै परिनिर्वाणको अनुभूत अवस्थामा प्राप्त भइ रहनु भएको थियो भन्ने मेरो विश्वास छ । त्यसैले गहिरिएर मनन गर्‍यौं भने "ज्ञान मर्दछ हाँसेर, रोई विज्ञान मर्दछ" (बालकृष्ण सम) भन्ने शाश्वत कुराको अनुभूत सबैले भन्तेको जीवन कथाबाट गर्न सक्छन् । त्यसैले उहाँलाइं चिन्ने, बुझ्ने र उहाँको बारे सुन्ने सबै सज्जन तथा महिला वृन्दले उहाँको प्रज्ञावान जीवनबाट उत्प्रेरित र उत्साहित हुनु नै उहाँप्रति भगवान बुद्ध प्रति र आफ्नो जीवन प्रति एक मात्र उत्तरदायित्व वहन गर्नु पर्ने कुरा सबैमा रहन गएको छ ।

श्रद्धेय सुदर्शन भन्तेको जन्म ललितपुरको ओकुबहालमा, शाक्य परिवारमा ई.सं. १९३८ मा भएको थियो । उहाँले सन् १९५० मा अर्थात् १२ वर्षको उमेरमा कुसिनगरमा दीक्षा ग्रहण गर्नु भयो । त्यस उपरान्त उहाँको नाम श्रामणेर सुदर्शन भयो । त्यो भन्दा पहिले घरमा राखेको नाम लुम्बिनी राज शाक्य थियो । १४ वर्षको उमेरमा सारनाथमा उपसम्पदा दीक्षा ग्रहण गर्नु भयो । यसरी बाल्यकालदेखि निरन्तर बुद्ध धर्म र वास्तविक बुद्ध धर्मको प्रचार-प्रसार र सेवामा सम्पूर्ण जीवन अर्पण गर्नु भयो । संस्कृति विषय *(Calture)* मा मेरिटमा स्नाकोत्तर उपाधि हासिल गर्नु भयो र त्रिभुवन विश्व विद्यालयमै उपप्राध्यापक भई प्राध्यापन कार्यमा समेत संलग्न रहनु भयो । २०३३ सालमा कीर्तिपुरमा नगरमण्डप श्री कीर्ति विहारको स्थापना गरी अन्तिम समय सम्म त्यहीं रहनु भयो । उहाँले विभिन्न देशहरुको भ्रमण गर्नुको साथै अन्तर्राष्ट्रिय सम्मेलनहरुमा भाग लिनु भएको थियो ।

उहाँ एक बहुप्रतिभाशाली व्यक्तित्व हुनुहुन्थ्यो । शिक्षा क्षेत्रमा, नेपाल भाषाको क्षेत्रमा, साहित्य क्षेत्रमा, नेपाली मौलिक तथा बौद्ध संस्कृतिको अनुसन्धानको कुरामा, वास्तविक बुद्ध धर्म खास गरी सिद्धार्थ गौतम बुद्धद्वारा प्रतिपादित बुद्ध धर्मको प्रचारप्रसार र प्रशिक्षण दिने कुरा आदिमा उहाँको देन धेरै धेरै मूल्यवान छ । त्यस्ता देनहरु मध्ये नेपाललाई "हिन्दू अधिराज्य" होइन धर्म निरपेक्ष अधिराज्यको रुपमा विकास गर्नु पर्छ भन्ने कुरामा उहाँबाट गरिएको बिर्सनै नहुने प्रयासको सन्दर्भलाइं यहाँ प्रस्तुत गरिन्छ ।

अधिनायकवादी धार्मिक राजनीतिक व्यवस्था तथा हैकमी आधारमा राजामा निहित बनाइएको देशको सार्वभौमिक सत्तालाई यसको मौलिक हकदार जनतामै संवैधानिक रुपले स्थापित पनि गर्नु पर्छ, साथ साथै बहुदलीय लोकतान्त्रिक वा जनतान्त्रिक, खुला व्यवस्था हुनु पर्छ भनेर, युगको माँग अनुसार २०४६ सालको सफल जन आन्दोलन भएको थियो । त्यही बमोजिनमको परिवर्तित नयाँ राजनीतिक व्यवस्थाको लागि नयाँ संविधान बनाउनु पर्ने आवश्यकता भएकोले संविधान मसौदा आयोगको गठन तत्कालीन (एमाले, काँग्रेस र दरबार वा राजाका पक्षहरु सम्मिलित) सरकारले गर्‍यो ।

त्यस वेला नेपाललाई "हिन्दू अधिराज्य" घोषित गर्न हुदैन, "नेपाल अधिराज्य" मात्र संविधानमा लेखितु पर्छ भन्ने जनआवाज घन्किन थाल्यो । यो आवाज निस्कनुको उत्प्रेरणा वा कारण अनुदार - कट्टर हिन्दूवादी सरकारी पक्षले, राजा त्रिभुवनबाट घोषित भएको "नेपाल अधिराज्य" भन्ने नजीरलाई समेत वेवास्ता गरी खारेज भएको पन्चायती संविधानको प्रेत रुपको मरिसकेको पञ्चायती संविधानको "हिन्दू अधिराज्यलाई" फेरि नयाँ, बन्ने संविधानमा लेखाउने प्रयास भएकोले सडकमा र कलमबाट त्यसको विरुद्ध उदारवादी, समतावादी, सार्वभौमिकतावादी, मानवतावादी, सामाजिक तथा धार्मिक एकताको प्रतिक भएको धर्मनिरपेक्ष राज्य वा नेपाल अधिराज्य मात्र भनेर संविधानमा लेखिनु पर्छ भनी बुलन्द आवाज निकालेको थिएँ। यसरी दुई पक्ष खडा भएपनि समाचार माध्यमहरु मार्फत, इच्छुक व्यक्तिले आ-आफ्नो सुझाउ पेश गर्न सकिने सूचना आयोगले प्रचार प्रसार गरेको थियो ।

त्यसबेला यो लेखको लेखकले पनि दृष्टि साप्ताहिक, छहरा साप्ताहिक, डेली डायरी, चोमोलुङ्मा साप्ताहिक आदि पत्रिकामा निरन्तर, नेपाललाई हिन्दु अधिराज्य घोषित नगर्ने पक्षमा विचार, तर्क र प्रमाणहरु दिएर लेख लेख्दै गरेको थिएँ । त्यसवेला मेरा लेखहरु हेरेर मलाई प्रोत्साहित गर्ने एक मात्र व्यक्तित्व सुदर्शन भन्ते हुनु भयो । त्यसरी प्रोत्साहन दिने क्रममा , मेरा लेखहरुको सङ्ग्रह बनाई धर्मोदय सभाबाट पुस्तकको रुपमा प्रकाशित गर्ने व्यवस्था पनि उहाँले गर्नु भयो। त्यति मात्र होइन २०४८ सालमा धरानमा सम्पन्न भएको तेस्रो राष्ट्रिय बौद्ध सम्मेलन तथा धर्मोदय सभाको अधिवेशनमा मलाई "बौद्ध दृष्टिमा धर्मनिरपेक्षता" विषयमा कार्यपत्र लेख्ने र प्रस्तुत गर्ने सुअवसर पनि उहाँले दिनु भएको थियो । यसरी भन्तेले नेपालको २०४७ को संविधानमा "हिन्दू धार्मिक अधिराज्य" होइन कि धर्मनिरपेक्ष अधिराज्य लेखाउन मरिमेट्नु भएको थियो । यस सन्दर्भमा भन्तेले यस्तो लेख्नु भएको छ, "म आफै आयोगको अफिसमा आइकन आज २० आषाढ २०४७ को दिन लिखित रुपमा त्यस संविधान सुझाव आयोगको आह्वान अनुसार आफ्ना केही सुझावहरु सेवामा पेश गर्दैछु भावि संविधानमा राज्यको हकमा नेपाल धर्मनिरपेक्ष संवैधानिक राजतन्त्रात्मक नेपाल अधिराज्य होस् ।

कारण नेपाल प्राचीन कालदेखि विभिन्न धर्मावलम्बीहरुको साझा देश हो र साच्चैकै धार्मिक सहिष्णुताको संवर्द्धन हुनु आजको अपरिहार्य आवश्यकता हो । भावी संविधानमा धर्मको हकमा संयुक्त राष्ट्र संघ मानव अधिकारको विश्व व्यापी घोषणा *(UNO:Universal Declaration of Human Rights 1948)* को धारा १८ अनुरुप धार्मिक स्वतन्त्रता होस् ।

कारण नेपाल संयुक्त राष्ट्र संघको सिद्धान्तमा बचन बद्ध देश हो ।

पत्र साथै दर्ता होस् र विचारार्थ सघाउ पुगोस भन्ने सदाशयताका साथ मैले पाएका सपक्षीय संविधान सुझाव सम्वन्धि प्रकाशनहरु आनन्दभूमी र धर्मकीर्ति २ पत्रिका, विभिन्न पत्र पत्रिकाका प्रकाशनहरु पर्चा पोष्टरहरु, पत्रहरुको फोटो कपी २० प्रति पनि सेवामा प्रस्तुत गर्दैछु । सविनय सधन्यवाद

विनीत

(भिक्षु सुदर्शन)"

(साभार - बुद्ध धर्म प्रति शासकहरुको असहिष्णुता: भिक्षु सुदर्शन : वि.सं. २०४७, पृ. ७३-४)

तर अन्तमा सरकारमा वस्नेहरुको कट्टरवादीहरुलाई खुसी पार्ने स्वार्थी नियतले गर्दा २०४७ सालको संविधानमा "हिन्दू अधिराज्य" नै लेखियो । यस सन्दर्भमा भिक्षु सुदर्शनले फेरि लेख्नु भएको छ -

"तर पहिले नेपाल एक वहुजातीय, बहु भाषिक, प्रजातान्त्रिक, स्वतन्त्र अभिभाज्य सार्वभौम सत्ता सम्पन्न, हिन्दू संवैधानिक राजतन्त्रात्मक अधिराज्य भएको मस्यौदा संविधान सुझाव आयोगद्वारा प्रस्तुत गरियो । संविधानबारे विचारार्थ तीन सदस्यीय मन्त्रीहरुको उपसमिति बनाउंदा राजनैतिक सम्झौतावादीहरुको राजनैतिक स्वार्थको लागि लिनेदिने नीतिमा अर्द्ध विराम चिन्ह राखियो । मन्त्री परिषदको वैठकमा अन्तमा

विचार गर्दा पनि डा. मथुरा प्रसाद श्रेष्ठ, झलनाथ खनाल र मार्शल जुलुम शाक्यबाट अर्द्धविराम चिन्ह नराख्न चर्चा गरेको सुनिन्छ। तापनि मेरो सामु र युवा बौद्ध समुदायको सामु हिन्दू अधिराज्य शब्द नरहने बचन बद्धता भएका प्रधानमन्त्री श्री कृष्ण प्रसाद भट्टराईज्यूबाट आफ्नो बचनको पालन गरिएन र बहुमतको आधारमा हिन्दू शब्द पछि अर्द्ध विराम चिन्ह हटाउने काम भएन। अनि प्रकारान्त रुपमा पञ्चायती संविधानकै हिन्दु अधिराज्य भाव बहुसंख्यक गैर हिन्दू धर्मावलम्बीहरु माथि थोपियो। बहुजातीय र बहुभाषिक शब्द जोड्न सकेता पनि जानाजानै "बहु धार्मिक" शब्द उल्लेख गर्न सकेन। (साभार : ऐ.ऐ. पृ. ७४-५)

यसरी कट्टर, धार्मिक अधिनायकवादी हिन्दूहरुले आफ्नो जीतको पर्व मनाए। तर महत्वपूर्ण कुरा के हो भने हार वा जीत जे होस् नियत असल छ भने गल्ती गरे पनि तिनीहरुले पाठ सिकेर देशको लागि राम्रै गर्छन्, नियत खराव छ भने जिते पनि, राम्रो मौका पाए पनि देशलाई तिनीहरुले डुबाउँछन्।

आजको वहुदलीय, खुला व्यवस्थाको अधोगति भइरहेछ। अधिनायकवादको पुनर्जागरण, राजदरबार हत्याकाण्ड, माओवादी समस्या, सङ्कटकाल आदि विसङ्गतिहरु नेपाली आकाशमा उडिरहेछ। यी सबै नियतिकै कुरा हो। धर्मनिरपेक्ष भएको भए हाम्रो चिन्तन शैली फरक भै आधुनिकता तर्फ हाम्रो दृष्टि जाने थियो। तर आज वास्तविकता त्यस्तो छैन। आज देशमा मैत्रीमय वातावरण छैन। युगको मागलाई कुल्चेर जसरी भएपनि जित्ने जीवन शैली छ। समतामूलक, मानवतामय, सामाजिक, साँस्कृतिको विपरीत वर्ण व्यवस्थामा आधारीत सामन्ती जीवन छ, उदारवादको विपरीत अनुदार सङ्कुचनवाद छ। वहुदलीय राजनीतिको संस्कार स्थापित भएको छैन। सबै जनता एक साथ उठ्ने सिद्धान्त र अवधारणाको विपरीत, पहिले आफै मात्र उठौं-बनौं र हैकम जमाऊ भन्ने नियत विद्यमान छ, अरुको अधिकारालाई इमान्दारीसाथ मान्यता नदिने अवधारणा छ, मुखले मिठो पेटले तितो गर्ने रणनीति छ। यी सबै कुराहरुको साथै खलनायकको भूमिगत भूमिका खेल्न सक्रिय रहनु, कानूनलाई आफ्नो स्वार्थ अनुरुप मोड्नु, जनताको कामलाई उपेक्षा गर्नु, भ्रष्टाचार गर्नु आदि कुसंस्कारहरु सबै विकसित भैरहेका छन्। उपनिवेसवादी संस्कृतिका विसंगतिका विउहरु पनि फैलि रहेका छन्, विभिन्न समयमा थरि थरिका अवतार लिएर विभिन्न माध्यमबाट उम्रिने, टुसाउने, पलाउने गरि नै रहेछन्। श्रद्धेय भिक्षु सुदर्शन महास्थविरलाई यी कुरा राम्ररी थाहा थियो। त्यसैले उहाँले धर्म निरपेक्षताको लागि अथक प्रयास गर्नु भएको हो। तर त्यो कुरा उहाँले आफ्नो जीवनकालमा देख्न पाउनु भएन। यो अत्यन्त दु:खको कुरा हो।


पोखराको विश्व शान्ति स्तूप पुनर्निर्माण समितिका पूर्व राष्ट्रिय अध्यक्ष

**बौद्ध विद्वान, भाषा सेवी र सबैका सहयोगी**

*भिक्षु सुदर्शन महास्थविरको २०५८ श्रवण ५ गते असामयिक*

**निधन भएकोमा उहाँ प्रति भावपूर्ण श्रद्धाञ्जलि अर्पण**

गर्दै उहाँको निर्वाण लाभको कामना गर्दछु।



**शान्ति संगम आयल स्टोर्स**

मुग्लिङ्ग, चितवन जिल्ला



# कहिल्यै नबुझ्ने दियो भिक्षु सुदर्शन महास्थविरज्यू

❑ बिल वहादुर गुरुङ्ग,
भू.पू. केन्द्रीय सदस्य, धर्मोदय सभा, काठमाण्डौं

श्रद्धेय भिक्षु सुदर्शन महास्थविरज्यू अस्वस्थ भै अस्पतालमा भर्ना भएको समाचार सुने पछि मलाई वहाँ प्रति माया जाग्यो र वहाँको स्वास्थ्य लाभको कामना गरें। विधिको विधान वहाँ २०५९ साल साउन ५ गते असामयिक निधन भएको दुःखद समाचार सुनें पछि मन स्तब्ध भयो।

मन मनै सोचें वहाँको शव यात्रामा भाग लिन जान्छु। केही साथीभाईहरुसंग पनि सम्पर्क भयो जाने पक्का निर्णय लियो, दुर्भाग्य भनौ श्रावण ६, ७, ८ को घनघोर वर्षाले बाटो अवरोध भयो। हवाई टिकट पनि पाउन सकिएन। मनको इच्छा मनैमा रह्यो। धर्मशिला बुद्ध विहार नदिपुरको आयोजनामा श्रद्धेय भिक्षु सुदर्शन महास्थविरज्यूको २०५९ श्रावण १२ गते भएको श्रद्धाञ्जलि सभामा सहभागी भै चित्त बुझाउनु पर्‍यो।

श्रद्धेय भिक्षु सुदर्शन महास्थविरज्यूसंग २०४४ सालमा पोखरामा भएको दोश्रो महापरित्राण र बौद्ध सम्मेलनमा साधारण परिचय भएको थियो। पछि मलाई पनि धर्मोदय सभा केन्द्रीय सदस्य भै सेवा गर्ने मौका दिइयो। भन्तेजी पनि धर्मोदय सभाको अध्यक्ष हुनु भए पछि धेरै पटक वहाँको प्रवचन, सभा समारोहमा भेट हुँदा नजिक भै आफूलाई लागेका शंकाहरु सोध्ने बुझ्ने, वहाँले प्रकाशित गर्नु भएको धार्मिक कितावहरु पनि १, २ वटा पढने मौका पाएँ। वहाँले वनाउनु भएको कीर्तिपुर विहारमा पटक पटक जाने आउने भयो। विहार भित्र र वाहिरवाट हेर्ने मौका पाएं। एउटा महत्वपूर्ण तीर्थस्थल झैं विहार वनाउनु भएकोमा मैले मनमनै साधुवाद दिएँ।

वहाँ बुद्ध धर्मको सबै विषयमा निपूर्ण हुनु भएको मैले पाएँ। काम गर्दा वहाँ निर्भिक हुनुहुन्थ्यो। वहाँका साधारण रहन सहन, कम बोल्ने, कुनै शंका समाधान गरि सम्झाउँदा एकै पटकमा उपासक, उपासिकाहरु शंका समाधान गर्नु हुन्थ्यो। गुरुङ्ग जातिबाट म धर्मोदय सभामा पहिलो पटक सदस्य भएकोले मसँग गुङ्गको संस्कार, परम्पराको बारेमा पनि खुव चासोले सोध्नु हुन्थ्यो, सुधार गर्नु पर्ने भए आफ्नो राय दिनु हुन्थ्यो, राम्रो भएमा खुसी हुनु हुन्थ्यो। समय समयमा बौद्ध अर्घौ सदनको धार्मिक कार्यक्रममा पनि आउनु भै प्रवचन दिनु हुन्थ्यो, बौद्ध अर्घौ सदन क्षेत्र भ्रमण गरी सके पछि प्रशन्न भै कार्य समितिका साथीहरुलाई हौसला प्रदान गर्नु भएको आज झै भएको छ।

श्रद्धेय भन्तेज्यू जनजाति बौद्धहरु एक जुट गरी अगाडी नवढे सम्म हाम्रो बौद्धहरु अगाडी वढ्न गाह्रो छ भन्नु हुन्थ्यो। उहाँले दुर्गम भेगका गुरुङ्ग, तामाङ्ग, शेर्पा, थकाली, मगर, गाँउहरुमा धार्मिक जागरण ल्याउन प्रशिक्षण शिविरको व्यवस्था गरि दिनु हुन्थ्यो। स्वयं पनि सहभागी हुनु भै कक्षा सञ्चालन गर्नु हुन्थ्यो, शिविर सञ्चालनको लागि व्यय भार पनि आफै व्यवस्था गरि दिनु हुन्थ्यो, गाँउ भेगका पढे लेखेका अथवा पढ्दै नपढेका उपाशक उपाशिकाहरुलाई चित्रको माध्यमबाट बुद्धजीवनी सम्झाउनुको लागि वुद्ध जीवनीका पुस्तकहरु निःशुल्क वितरण गर्नु भयो। आफूले मात्र गर्दा ढिलो हुने भएकाले उहाँले वितरण गर्ने साथीहरुलाई जिम्मा लगाउने समेत गर्नु भएको थियो।

वहाँले नेपालको संविधान निर्माण भएको वेलामा धर्म निरपेक्षताको लागि पनि श्री ५ को सरकारका निकाय देखि मन्त्री, प्रधान मन्त्रीहरु सम्म निर्भिक भै आफ्नो माँग प्रष्ट राख्नु भएको थियो, त्यसबारे भएको गोष्ठी, प्रवचनमा पनि आफ्नो विचार प्रष्ट राख्नु हुन्थ्यो। सभा, जुलुस, विरोध प्रदर्शनमा पनि सधैं सम्मिलित

भै अगुवा भै काम गर्नु हुन्थ्यो । वहाँलाई आलस्य भनेको थाहा नै थिएन ।

लुम्बिनीको विकासको लागि वहाँले धेरै योगदान दिनु भएको कुरा राष्ट्रका बौद्ध जगतलाई अवगत नै छ । लुम्बिनी विकास कोषका कर्मचारीहरुले बुद्ध मूर्तिप्रति अभद्र व्यवहार गरेको घटनामा होस् कि जापानी भिक्षु नावातामेको हत्या काण्डमा बौद्धहरुवाट विरोध प्रदर्शन गर्ने कार्यमा उहाँ सधैं अग्रसर भै नेतृत्व गर्नु हुन्थ्यो ।

लुम्बिनीमा हिन्दु बौद्ध विश्व सम्मेलन गर्ने भारतीय हिन्दुहरुको कार्यक्रममा पनि वहाँलाई चित्त नबुझेको कुरामा खुलारुपमा विरोध गर्नु भयो जसले गर्दा लुम्बिनीमा विश्व हिन्दु बौद्ध सम्मेलन हुन पाएन ।

२०५८ सालमा भएको राष्ट्रिय जन गणनाको वेला पनि उहाँले बौद्धहरुलाई धर्मको कोलममा बुद्ध धर्म लेखाउन लगाउन तथा त्यसको लागि पोष्टर, पम्प्लेट, प्रशिक्षण, तालिम समेतको व्यवस्था मिलाई दिनु भयो । जस्को कारण २०५८ सालको जनगणनामा बौद्धहरुको संख्या केही बढ्न गयो ।

विदेशी बौद्धहरुसंग पनि भिक्षु सुदर्शन महास्थविरज्यूको राम्रो प्रभाव र सम्वन्ध कायम रहेको थियो । विशेष थाइल्याण्डसंग वहाँको गहिरो सम्वन्ध भएको हुँदा कीर्तिपुर विहार निर्माणमा थाइल्याण्डका बौद्ध संस्थावाट पर्याप्त सहयोग उपलब्ध भएको थियो ।

श्रद्धेय भन्तेज्यूको निधनवाट नेपाल र नेपालीहरुलाई ठूलो दुःख लागेको छ । उहाँको निधनवाट विश्व बौद्ध जगतलाई नै हानी भएको मैले महशूस गरेको छु । अन्तमा श्रद्धेय भन्तेज्यूमा श्रद्धान्जली अर्पित गर्दै वहाँको शीघ्र निर्वाणको कामना गर्दछु ।

# हार्दिक बधाई



हाम्रा सहृदयी आदरणीय श्री कुलामान बुद्धाचार्य सद्धर्म सभा, धर्मसंघ बुद्ध विहारको हालै सम्पन्न भएको निर्वाचनमा अध्यक्ष पदमा र सोही निर्वाचनमा कार्य समितिका उपाध्यक्ष तेजमान बुद्धाचार्य, सचिव श्याम शाक्य, कोषाध्यक्ष पुस्कर मान बुद्धाचार्य, सह-सचिव चिजमान शाक्य र कार्य समितिका सदस्यहरु तेजेन्द्र शाक्य, शेरमान बुद्धाचार्य, कृष्णरत्न शाक्य, भरतराज शाक्य, दुर्गामान बुद्धाचार्य र वीरेन्द्र शाक्य निर्विरोध हुनु भएकोमा सबैलाई हार्दिक बधाई ज्ञापन गर्दछौं र उहाँहरु सबैको उत्तरोत्तर उन्नति र प्रगतिको लागि हार्दिक शुभकामना चढाउँछौं ।

**बौद्ध उपासिका संघ, परिवार**

धर्मशीला बुद्ध विहार, पोखरा

# भिक्षु सुदर्शनको गुणानुस्मरण गर्दै

❒ सुश्री सबिता 'धाख्वा' शाक्य, ललितपुर

म काठमाण्डौंबाट पोखरा पुगेकै दिनमा घरबाट टेलिफोन आयो, भिक्षु सुदर्शन दिवंगत हुनु भयो। यो सुन्ने वित्तिकै मन स्तब्ध भयो, एकछिन सुनसान भयो र अचानक मुखबाट शब्द प्रकट भयो - नेपालमा बुद्ध शासन, उन्नति र अभिवृद्धिको निमित्त आफ्नो जीवन समर्पण गर्नु भएका, थेरवादी बुद्ध शासनका एउटा बलियो खम्बा, प्रतिभाशाली बौद्ध विद्वान अब यस संसारमा रहेनन्। म फेवातालको किनारमा बसेर त्यहाँबाट देखिने विश्व शान्ति स्तूप हेर्दै आँखाबाट आँशु बगाउदै उहाँका गुणहरु एक पछि अर्को स्मरण गर्दै गएँ।

थेरवादी बुद्ध शासनमा निश्चित नीतिगित एवं व्यावहारिक तहमा उहाँले नेतृत्व प्रदान गर्दै आउनु भएको थियो। उहाँको निधनले यसमा ठूलो अभाव हुने महसूस भएको छ। बुद्ध वचन त्रिपिटक अन्तर्गत सूत्तपिटकको सम्पूर्ण भाग अनुवाद गरी प्रकाशन गर्ने परियोजना पूरा हुन नपाउँदै उहाँ बित्नु भयो। अझ केहि ग्रन्थहरुको अनुवाद गर्न बाँकी रहेको छ। यो उहाँको परियोजना कहिले पूरा हुने होला ? नेपाल बौद्ध परियत्ति शिक्षाको विभिन्न पदमा बसी उहाँले ठूलो योगदान दिनु भएको छ। मैले सुनें कि हस्पिटलमा बस्नु भन्दा अगाडी सम्म बौद्ध परियत्ति शिक्षालाई कसरी निरन्तर अगाडी बढाउने भन्नेमा उहाँ चिन्तित हुनु हुन्थ्यो भन्ने कुरा आफ्ना शिष्यहरुको अगाडी गरेको कुराकानीहरुबाट स्पष्ट हुन्छ। अब बौद्ध परियत्ति शिक्षाले कुन रुप लिने होला ? उहाँले त्रि.वि.वि. अन्तर्गत बुद्धोलोजी स्थापना गर्न ठूलो योगदान दिनु भएको स्मरण भयो। अब बौद्ध विश्व विद्यालयको अवधारणाले कसको नेतृत्वमा मूर्त रुप लिन्छ होला ?

उहाँले अधिराज्यका विभिन्न जनजातिहरुका बीच बुद्ध धर्म सम्बन्धि चेतना जगाउनका लागि बौद्ध जागरण शिविरमा गर्नु भएको प्राविधिक र आर्थिक सहयोगलाई स्मरण गरौं। बौद्ध जागरण शिविर प्रभावहरु सम्झदा निश्चय पनि धर्मको बारेमा अन्धकार छाएका व्यक्तिहरुमा शुद्ध धर्म रुपी चेतनाको दीयो बाल्न यो शिविर शसक्त माध्यमको रुपमा सिद्ध भएको छ। पोखरामा पनि एउटा मगर संघले आफ्नो केहि सदस्यहरुले श्री कीर्ति बौद्ध संघबाट बौद्ध जागरण शिविरमा भाग लिई सके पछि हिन्दु बाहुन पुरोहितको ठाउँमा आफ्नै मगर लगी पुरोहित राखी बौद्ध संस्कृति अनुसार कर्मकाण्ड गर्ने, गराउने अभियान व्यापक रुपमा अगाडी बढाएको छ। जसको परिणाम स्वरुप कर्मकाण्डमा हिंसक गतिविधिमा कमी र फजुल खर्चमा कमी आएको छ। यस भित्र भिक्षु सुदर्शनको योगदान झल्केको पाएं। बौद्ध जागरण शिविर पश्चात लमजुङ्गका गुरुङ्गहरुले "हामी बौद्ध हौं" भनी पहिचान गरी आफूहरु बुद्ध धर्म प्रचार प्रसारमा लागेका छन्। यस्तै अधिराज्य भरका अधिकांश बौद्ध जनजातिहरु जस्तै नेवार, गुरुङ्ग, मगर, तामाङ्ग आदि जनजातिहरु "हामी बौद्ध हौं" भन्नमा गर्व गर्न पछि पर्दैनन्। यस भित्र भिक्षु सुदर्शनको योगदान लुकेको छ। अब यस क्षेत्रमा कुन भिक्षुले नेतृत्व लिन्छ होला ?

उहाँले बुद्ध धर्म सम्बन्धि एवं नेपाल भाषा सम्बन्धि धेरै किताब एवं लेखहरु लेखि राख्नु भएको थियो। उहाँ आफू *S.L.C.* पासै नभएको बेलामा लेखेका किताब *B.A.* को साहित्यमा पढ्नु पर्ने भएबाट उहाँको बौद्धिक क्षमताको स्तर निकै उच्च रहेको स्पष्ट हुन्छ। नेपाल भाषामा समाचार प्रशारण बन्द गर्दा उहाँले विरोध गरेको हुनाले सुरक्षा कानुन अन्तर्गत सरकारले उहाँलाई छ महिना छ दिन जेलमा राखेको

थियो । मेरो आमा रत्नदेवी बराबर जेलमा उहाँलाई भेट्न जानु हुन्थ्यो भन्ने कुरा आज मेरो दिमागमा ताजा भै घुमि रहेको छ ।

उहाँ कै कुशल नेतृत्वमा ३ पटक ऐतिहासिक बौद्ध तीर्थयात्रा भएको थियो । २०३४ सालमा मैले आफू पनि भाग लिएको सम्झे जसमा ६५० जना सम्मिलित थियो । यस प्रकार धेरै बौद्धहरुले बुद्धका चार दर्शन गर्न योग्य स्थल सहित बुद्धका ऐतिहासिक चित्र कुँदेका तीनवटा अजन्ता एलौरा गुफाहरु हेर्ने मौका पाए ।

उहाँ हस्पिटलाइज गर्नु भदा केहि दिन अगाडि मेरो दिदी अमितालाई फोन गर्नु भएको थियो । तर दिदी नहुँदा उहाँले म संग लामो कुराकानी गर्नु भएको थियो कि बुद्धधर्ममा ज्यान आहुती गर्न सक्ने व्यक्ति बौद्ध जगतमा ज्यादै कमी छ । यहाँ बुद्ध धर्म प्रचार प्रसार गर्न गर्नु पर्ने धेरै काम बाँकी छ । यसरी भन्नु हुने भिक्षु सुदर्शन जानु भयो ।

उहाँको निधनले बुद्ध शासनमा तेजिलो तारा विलीन भए जस्तै भयो । तर उहाँको योगदान अविस्मरणीय भएको कुरालाई स्मरण गर्दै उहाँलाई चाँडै निर्वाण प्राप्त होस् भनी शान्तिस्तूपमा प्रार्थना गरी श्रद्धान्जली अर्पण गर्दै म फेवातालबाट आफ्ना वासस्थान तर्फ लागे ।

❖❖❖


पोखराको विश्व शान्ति स्तूप पुनर्निर्माण समितिका पूर्व राष्ट्रिय अध्यक्ष

**बौद्ध विद्वान, भाषा सेवी र सबैका सहयोगी**

*भिक्षु सुदर्शन महास्थविरको २०५८ श्रवण ५ गते असामयिक*

**निधन भएकोमा उहाँ प्रति भावपूर्ण श्रद्धाञ्जलि अर्पण**

गर्दै उहाँको निर्वाण लाभको कामना गर्दछौं ।

**होटल फेवा प्रिन्स प्रा.लि. परिवार**

कुँडहर, पोखरा ।

फोन : २४७०१, फ्याक्स : २४८८१

ई-मेल : fprince@fewaprince.wlink.com.np

**काठमाण्डौ**

फोन : २५४१२३, फ्याक्स : २४१७२१

ई-मेल : hotel@fewaprince.wlink.com.np


बुद्ध धर्म - शील, समाधि र प्रज्ञाको धर्म हो । जस्तो सिद्धान्त त्यस्तै नीति र व्यवहार हुनु यस धर्मको विशेषता हो । मनमा एउटा, मुखमा अर्को र काम झन अर्को गर्ने र गराउने धर्म यो होइन । - भिक्षु सुदर्शन महास्थविर

# बुद्ध, ज्ञान र जीवन

❑ बुद्धि बहादुर मिजार "शिरीष"
श्री मेघराज प्राथमिक विद्यालय, घाचोक – ६, कास्की ।

बुद्ध, ज्ञान र जीवन एक आपसमा अविभाजित छन् । बुद्ध, एक मात्र यस्तो संज्ञा हो जुन 'एशियाको तारा' उपमाधारी छ । आज बुद्ध केवल तिलौराकोटमा मात्र होइन, शान्ति, सत्य र अहिंसाका पथ पथहरुमा हुनुहुन्छ । विश्वका कुनाकाप्चाहरुमा जहाँ शान्ति छ, त्यहाँ बुद्ध आत्मा प्रफुल्लित छ । जहाँ शान्ति छैन, त्यहाँ बुद्ध आत्मा रोएको छ । आजकल हामीहरु जो कोहीको ओंठमा पनि शान्ति .... शान्ति .... शान्ति .... झुण्डि रहेको छ । सचारका साधनहरुका प्रमुख विषय नै बनेको छ, 'शान्ति' । यसर्थ म पनि यस शब्दबाट अछूतो रहिरहन सकेको छैन । वर्तमान परिवेशमा म पुराना किताबहरु खोजिरहेको छु, मैले अध्ययन गरेको बुद्धका पाठहरु पून: अध्ययन अनि चिन्तन मननको लागि । तर कही कतै पाउँदिन, ती व्यवहारवादी व्यक्ति र वहाँका वाणीयुक्त हरफहरु, जसले हाम्रा लागि नैतिकवान र असल मानिस बनाउनको निम्ति आ-आफ्नो आचरण सुधारी कर्तव्यपरायण व्यक्ति बन्ने हितोपदेश दिनु भएको छ - सिवाय उही बुद्ध । तर मिल्छ केवल मानव रक्तपातयुक्त बुलेटिनका पानाहरु, रक्तिम दृश्यहरु अनि मानव वलीयुक्त कोतहरु .... । त्यतिबेला म लुम्बिनी अनि महात्मा बुद्ध सम्झन्छु । लुम्बिनी, यस्तो पवित्रस्थल जहाँ विश्व शान्तिका अग्रदूत, एशियाका ज्योति एवं नेपाल र नेपालीको गौरव बुद्ध जन्मनु भएको हो । अनन्तकालसम्म पवित्रताको घुम्टो ओढिरहन सौभाग्य प्राप्त लुम्बिनीको महिमा जति व्याख्या गरेपनि नगण्य नै हुनेछ, जति फलाके पनि अपूरो अपूरो नै हुनेछ । तर यसका वरपरका मानव बलीयुक्त कोतहरु र यसको नजिकसम्म उछिट्टिंदै पुगेका रगतका छिटाहरुले यसको छविलाई ओझेलमा पार्ने त होइन ? कता कता मनमा शंका उपशंकाका तरंगहरु तरगित हुन्छन् । तर यति विघ्न समस्याको समाधानको उपाय सजिलै कहाँ फुर्छ र ! कतिपय कुराहरु भन्न जति सहज छ, अपनाउन त्यति सहज छैन ।

आचरण शुद्धिबाट समस्या समाधान हुन सक्छ तर हामीहरु कतिपयले आ-आफ्नै कुर्वानीहरुलाई चिन्न सकेका छैनौं । कतिपयले चिन्ने प्रयास गर्न नै सकिरहेका छैनौं भने कतिपयले आफ्ना खराव आचरणहरुलाई आफैले महशुस गरे तापनि त्यसलाई बुझ पचाई रहेका हुन्छौं । तर जब सम्म हामी आफ्ना भूलहरु (गल्तीहरु) महसुस गर्दैनौं तब सम्म ती खराब आचरणहरुलाई आफूबाट अलग्याउन सक्दैनौं ।

आज भोलि हामीहरुमा इमानदार, सदाचार, आचरण शुद्धि, नैतिकता एवं चरित्र निर्माण जस्ता पवित्र धारणाहरुको कमीले गर्दा नै हुन सक्छ परिवार, समाज, देश र विश्व समुदाय नै कल झगडा, हत्या, आतङ्क र अशान्तिले ग्रसित भएको छ । ज्यादै दुर्भाग्यपूर्ण अपशोचको कुरो हो यो । त्यसैले बुद्धले हामीलाई के ज्ञान दिनु भएको छ भने "सर्वप्रथम हामीले चरित्र निर्माण अर्थात आचरण शुद्धिमा जोड दिनु पर्छ ।"

साँच्चै बुद्धका ज्ञान नै हाम्रो जीवनको सार हो । हाम्रो समाज चरित्र निर्माण वा आचरण शुद्धिबाट ज्यादै नै प्रभावित छ । समाजमा उच्च र नीचको सवाल अझै पनि हाम्रो सामु खडा छ । उच्च भन्ने अहङ्कारी भावना र नीच हुं भन्ने हीनतावोधको भावनाबाट हाम्रो समाज दिनानुदिन असमानता पूर्ण स्थितिमा गुज्रिरहेको छ । एकपटक बुद्ध समक्ष एक व्यक्तिले बुद्धको जात सोद्धा वहाँले त्यस व्यक्तिलाई भन्नु भएको थियो - "तपाईं कुनै पनि मानिसको जात नसोध्नुहोस् बरु उसको आचरण र चरित्र सोध्नुहोस् ।" यसबाट प्रष्ट हुन्छ कि बुद्धले दिनु भएको ज्ञानोपदेशहरु समय सापेक्ष, सान्दर्भिक र सत्यतामा आधारित एवं जीवन सार्थक छन् । झनै

वर्तमान असमानतायुक्त समाजको दिशा परिवर्तन गराउन बुद्धशिक्षा समानतामूलक समाज एवं सौहार्दपूर्ण भावनाको विकासको चाबी ठहरिएको छ। बुद्ध र बुद्धका ज्ञानलाई अवलम्बन गर्ने जो कोहीको आत्माले सदा सर्वदा शान्ति पाउनेछ।

लुम्बिनी र त्यसका वरिपरिका दृश्यहरुमा टोहोलाएका यी हृदयका तरंगहरु एक अर्को निष्कर्षमा पुगेको छ। वर्तमान अवस्थामा भनौं शान्ति स्थापना र प्राप्ति गर्ने अवस्थामा बुद्धका दर्शनहरु उपयुक्त छन्। *Peace is compulsory thing to live so who is peacful he/she respects Buddha.*

नैतिक शिक्षाको अभावमा रुमल्लिएका वर्तमान नयाँ पिढीहरुलाई बुद्ध-दर्शनले स्वाभाविक रुपमा जीवन परिवर्तन गराउनेछ। यसर्थ :

बुद्धं शरणम् गच्छामि !
धम्मं शरणम् गच्छामि !!
संघम् शरणम गच्छामि !!!


# बुद्ध शासनका नेतृत्वदायी व्यक्तित्व

भिक्षु सुदर्शन महास्थविरको असामयिक एवं दुःखद निधन भएकोमा

**म उहाँ प्रति हार्दिक श्रद्धाञ्जलि व्यक्त गर्दछु**

र

## उहाँको शिघ्र निर्वाण लाभको लागि

कामना गर्दछु।

**प्रकाश बहादुर गुरुङ्ग**

उद्योग वाणिज्य तथा आपूर्ति सहायक मन्त्री


बुद्ध धर्ममा जातीय भेदभाव छैन। मानिस-मानिसका बीच ठूलो र सानोको भेदभाव छैन। यो धर्म समानतामा विश्वास गर्दछ। त्यसैले यो मानवता वादी धर्म हो।

– भिक्षु सुदर्शन महास्थविर

# बुद्धको भावनाको कदर गर्न सिक

❑ श्रीमती सविता तामाङ, नदिपुर, पोखरा

बुद्ध जन्मेको देश नेपालमा,
हेर आज कस्तो स्थिति भइरहेछ !
शान्ति प्रिय देश नेपाल अहिले,
अशान्ति पथमा गईरहेछ !

होडबाजी र कुलतको पथमा लाग्ने होइन,
बुद्धका भावनाको कदर गर्न सिक !
काटमार, लुटपाट, बलात्कार गर्ने होइन,
शान्तिको दियो प्रज्वलित गर्न सिक

स्वार्थ सिद्धिका घटनाहरुले आज,
देशमा अशान्ति फैलिरहेछ !
शान्तिको मिठो सास फेर्न पनि,
देशमा अहिले कष्टप्रद भइरहेछ !

भगवान गौतम बुद्धका आदर्शहरु,
आज वैज्ञानिक युगमा पनि अपरिहार्य छ !
बुद्धद्वारा प्रतिपादित विचारहरु,
मानव सभ्यताको लागि असल माध्यम भइरहेछ !

शान्ति र भाईचाराको व्यवहार सिद्ध गर्न,
बुद्धका उपदेशलाई आत्मसात गर !
देशमा शान्ति शुसासन फैलाई राख्न,
एक आपसमा मिल्ने प्रतिवद्धता जाहेर गर !


बौद्ध जगतका एक चम्किलो तारा भिक्षु सुदर्शन महास्थविरको
श्रावण ५ गते निधन भएकोमा हामी हार्दिक दुःख व्यक्त गर्दछौं ।
हामी उहाँ प्रति श्रद्धा सुमन अर्पण गरी
उहाँको निर्वाणलाभको
कामना गर्दछौं ।

उत्तममान बुद्धाचार्य
तथा
एलिगेन्स ट्रेड
चिप्लेढुङ्गा, पोखरा
फोन : २०७३७




Wondershare PDFelement

# सद्धर्मको आचरण

❑ भिक्षु संघरक्षित, संघाराम

सद्धर्मको आचरण सदा संयमले गर
प्रमादी नबन दुराचरण कसैलाई नगर ।
नीच हीन कर्म कदापी सेवन नगर
नबस मिथ्याधारणामा जकडिएर ॥

धर्म छोडी झुठो बोल्ने परलोक चिन्ता नगर्नेले
गर्न नसक्ने पापकृत्य यो लोकमा छैन ।
पहिले प्रमादी भइकन पनि पछि त्याग्नेले
बादलबाट मुक्त चन्द्रमा झैं चम्कन्छ ऊ चकमन्न ॥

पानीमा उठेको बुलबुल झैं अथवा
मृगतृष्णा समान संसारलाई सम्झने ।
पापकर्म नगरी पुण्यकर्मले धाकिदिने
ज्ञानीजन भवचक्रमा आसक्त हुने छैन ॥

संसार अन्धो छ आँखा हुने मान्छे थोरै
जालमा चरा धेरै छन् मुक्त भइजाने कमै ।
पृथ्वीको अपूर्व राज्य स्वर्ग जान पाउने भाग्य
सारा भौतिक सुखभन्दा उत्तम मार्गफल प्राप्ति ॥

त्यागचित्तले श्रद्धापूर्वक दान दिन्छन् सत्पुरुष
कपटी मूर्खहरु रोक्न खोज्छ ईर्श्या गरिबस्छ ।
दानको प्रशंसा अनुमोदन गरी धीर पण्डितहरु
इहलोक-परलोक दुबैमा सुख शान्ति पाइबस्छ ॥

स्रोत : लोकवग्गो, धम्मपद

**धर्मोदय सभाका पूर्व अध्यक्ष, बौद्ध विद्वान, भाषा सेवी र सबैका सहयोगी**
*भिक्षु सुदर्शन महास्थविरको २०५८ श्रवण ५ गते असामयिक*
**निधन भएकोमा उहाँ प्रति भावपूर्ण श्रद्धाञ्जलि अर्पण**
गर्दै उहाँको निर्वाण लाभको कामना गर्दछौं ।

**शंकर गुरुङ्ग**
सभापति
धर्मोदय सभा, कास्की शाखा परिवार, पोखरा

# मेरो संझनामा भिक्षु सुदर्शन महास्थविर

❑ कृष्णमान गुभाजू

भिक्षु सुदर्शन महास्थविरलाई मैले कहिले देखें र पहिलो पटक कहिले भेटें, त्यो मैले निश्चित भन्न सक्दिन तर वहालाई अन्तिम पटक गत असार १२ गते श्रीकीर्ति विहारमा भेटेको थिएँ र असार १५ गते बनेपामा भिक्षु वोधिसेन महास्थविरले अनुवाद गर्नु भएको अंगुत्तर निकाय किताबको विमोचन समारोहमा उहाँको सम्बोधन सुन्ने मौका पाएको थिएँ।

वि.सं. १९९१ सालमा ललितपुरको ओकुंवहालमा जन्मनु भएका भिक्षु सुदर्शन होचो कदका, वोलीमा कडापन भएका, देख्नमा अनाकर्षक जस्तो व्यक्ति हुनुहुन्थ्यो। तर वहासँग भेटघाट, सम्पर्क, भलाकुसारी गर्दा उहाँको विचार वुझ्दै जाँदा उहाँको रुप अलगिएर वहुमुखि प्रतिभा सामुन्ने आउँछ, अगाढ श्रद्धा पैदा हुन्छ, आकर्षण बढ्दै जान्छ र उहाँको रुखो वोली शिक्षा प्रद वन्छ।

किशोरावस्थामै वुद्ध धर्ममा समर्पित हुनु भएका भिक्षु सुदर्शन २००६ सालमा कुशिनगरमा प्रवजित हुनु भयो र लामो समय सम्म श्रामणेर रहेर बुद्ध शिक्षाको अध्ययन गर्नुभयो। उहाँले थुप्रै ऐतिहासिक अनुसन्धानात्मक लेख, रचनाहरु प्रकाशित गर्नुभयो। बौद्ध धर्मका थुप्रै पुस्तकहरुको रचना, सम्पादन, अनुवाद गर्नुभयो, ऐतिहासिक नाटकहरु लेख्नुभयो, नेपाल भाषामा प्रशस्त कृतिहरु प्रकाशित गर्नुभयो। नेपाल भाषामा लिखित 'जुजु जयप्रकाश' नाटक ज्यादै उत्कृष्ट मानिन्छ। यस नाटकलाई श्रेष्ठ सिरपा: पुरस्कार प्रदान गरिएको थियो। उहाँद्वारा नेपाली भाषामा लिखित संभवत: पहिलो 'बुद्ध र वौद्ध संस्कृति' नामक बौद्ध पुस्तक २०२९ सालमा पोखरामा प्रथम पटक आयोजित महापरित्राण एवं वौद्ध सम्मेलनका वेला महापरित्राण आयोजक समिति, पोखरावाट प्रकाशित भएको थियो।

वि.सं.२०२१ मा सारनाथमा उपसम्पन्न भई भिक्षु सुदर्शन वन्नु भएपछि उहाँ बुद्ध शिक्षा प्रचार प्रसार मा विशेष सकृय रहनु भयो। यसै क्रममा उहाँ धेरै पटक पोखरा आउनु भयो, आफ्नो ज्ञानको भण्डार पोख्नु भयो, बौद्धहरुलाई सचेत गराउने, प्रशिक्षित गराउने कार्यमा मन, वचन, कर्म र अर्थले सहयोग पुऱ्याउनु भयो।

पोखरामा दोश्रो पटक आयोजित महापरित्राण एवं बौद्ध सम्मेलनमा उहाँको उपस्थिति विशेष महत्वको रह्यो। त्यस अवसरमा आयोजित कार्यक्रममा उहाँको सल्लाह सहयोग उपलब्धिमूलक रह्यो भने पोखराको विश्व शान्ति स्तूपको पुन: निर्माण कार्यको शिलान्यास भयो। उहाँको अध्यक्षतामा विश्व शान्ति स्तूप पुन: निर्माण राष्ट्रिय समिति बन्यो र उक्त समितिले आफ्नो कार्यारम्भ गरेको केहि समयावधि पछि देशमा प्रजातन्त्र पुनर्स्थापना भई शान्ति स्तूप पुनर्निमाण प्रक्रिया सहज वन्दै गयो। हाल विश्व शान्ति स्तूपको निर्माण कार्य पुरा भैसकेको छ। यस स्तूपको निर्माण अवधिमा, प्रतिष्ठा पूजा देखि तत्कालिन श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाह सरकारको शान्ति स्तूपमा आयोजित पूजामा सहभागी गराउने कार्यको (यद्यपी मौसम प्रतिकूल भएकोले भ्रमण रद्द भयो)। नीति निर्माण, आदि कार्यहरुमा उहाँको विशेष भूमिका रहयो। गत असार १२ मा श्रीकीर्ति विहारमा वहाँसग भेट हुँदा पनि शान्ति स्तूपको कार्यक्रम वारेमा चर्चा गर्दै हुनु हुन्थ्यो, साथै पोखराको बौद्ध गतिविधि वारेमा सोधपुछ गर्नुभयो। त्यसवेला वहाँ लुम्बिनीको मायादेवी मन्दिरको निर्माण सम्बन्धमा चिन्तित हुनु हुन्थ्यो र धर्मोदय सभाको आगामी कार्यक्रम सम्बन्धमा जानकारी दिदै हुनुहुन्थ्यो।

यस पंक्तिकारको उहाँसंगको सम्बन्ध धेरै नजिकको नरहेपनि २०४४ सालमा पोखरामा सम्पन्न

महापरित्राण पछि केहि नजिकको रहन गयो । धर्मोदय सभाको राष्ट्रिय सम्मेलनहरुमा उहाँसंग भेटघाट गर्ने अवसर प्राप्त भयो, उहाँको कार्यशैली, कार्यनीति बारेमा केही बुझ्ने मौका मिल्यो । पोखरामा सम्पन्न पाँचौ राष्ट्रिय बौद्ध सम्मेलन पछि उहाँ संग अझ नजिक हुने सौभाग्य प्राप्त भयो ।

वि.सं. २०४५ तिर पाल्पामा आयोजित प्रवचन कार्यक्रममा उहाँको प्रवचन सुनेपछि उहाँ प्रतिको मेरो श्रद्धा अझ प्रगाढ भयो ।

पाल्पामा भएको ज्ञानमाला द्वितीय राष्ट्रिय सम्मेलनमा (२०५३ पौष २१, २२,२३) सहभागी हुन जाने क्रममा पोखरा देखि पाल्पा सम्मको यात्रा यस पंक्तिकारको लागि भिक्षु सुदर्शनको बारेमा बुझ्ने र बौद्ध गतिविधिमा अगाडि बढ्ने प्रेरणा बन्यो । त्यसवेला वहाँ धर्मशीला बुद्ध विहारबाट प्रकाशित एवं डा. अम्बेडकर द्वारा लिखित तथा ललितरत्न शाक्यद्वारा अनुदित भगवान बुद्ध र उहाँको धर्म नामक पुस्तक विमोचनको लागि पोखरा आउनु भएको थियो । पौष २० गते आयोजित उक्त कार्यक्रम सम्पन्न हुनासाथ उहाँलाई त्यसै दिन पाल्पा पुर्‍याउने दायित्व यसै पंक्तिकारले लिएको थियो । उक्त यात्रामा उहाँले आफ्नो शैक्षिक घटनाहरु सुनाउनु भयो, एस.एल.सी. देखि एम.ए. सम्मको अध्ययन बारेमा जानकारी गराउँदै भन्नुभयो - "मैले एस.एल.सी. दिने वेलामा मैले लेखेको पुस्तक कलेजको पाठ्यक्रममा राखिसकिएको थियो । मेरो नाम पनि चलिसकेको थियो र मलाई सरकारी पढाइको वारेमा त्यति ज्ञान पनि थिएन, धेरैले विरोध पनि गरे तर म जसरी पनि पास हुन्छु भन्ने अठोटका साथ जाँच दिए र प्रथम श्रेणीमा उत्तीर्ण भएँ" । उहाँले नेपाली, इतिहास, संस्कृति पुरातत्व विषयमा स्नातकोत्तर गरी त्रिभुवन विश्व विद्यालयमा गत वर्ष सम्म प्राध्यापन गर्नु भयो । साथै त्रि.वि.वि.मा बौद्ध संस्कृति विभाग स्थापना गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्नुभयो ।

उहाँले शैक्षिक डिग्रीको महत्व बुझि केहि वर्ष देखि केहि भिक्षुहरुलाई विश्व विद्यालयमा पढ्न पठाउनु भएको सर्व विदित छ ।

माथि उल्लेख गरि सकिएको छ कि उहाँ अध्ययनमा दत्तचित्त भै लाग्नु हुन्छ । उहाँमा प्रज्ञावल अधिक रहेको छ साथै दान भावना पनि ज्यादै प्रवल रहेको पाइन्छ ।

उहाँ अरुलाई पनि लेख्ने कार्यमा प्रेरणा दिनु हुन्छ, सहयोग पुर्‍याउनु हुन्छ । प्रसंगवस यहाँ भक्तपुर निवासी बौद्ध लेखक मेरा सहृदयी मित्र रत्नसुन्दर शाक्यजीको घटना प्रस्तुत गर्न गई रहेको छु । मित्र रत्न सुन्दरजी भिक्षु सुदर्शन महास्थविरको सन्निकटमा रहनुहुन्छ, उहाँको थुप्रै पुस्तकको भूमिका सुदर्शन भन्तेले लेख्नु भएको छ । एउटा पुस्तकको भूमिका लेख्ने समयमा भन्तेको मधुमेह रोगको कारणले हुन सक्छ आँखा कमजोर भएकोले लेख्न नसक्ने अवस्था सृजना भयो । तर भन्तेले वहाँलाई फर्काउन चाहनु भएन, वरु उहाँलाई पुस्तक पढ्न लगाउनु भयो र सुनेकै भरमा उहाँले पनि आफूले भन्ने र रत्न सुन्दरजीलाई टिपाउन लगाई भूमिका तयार पारिदिनु भयो । यो उहाँको महानता थियो, यसरी उहाँले अरुलाई प्रेरणा र हौसला दिने गर्नु हुन्थ्यो ।

श्रीकीर्ति विहारको भन्ते वस्ने कोठामा प्रशस्त पुस्तकहरु राखिएका छन् । उहाँलाई भेट्न जाँदा उहाँ प्रायः पुस्तकहरु दिने गर्नुहुन्छ । पछिल्लो भेटमा पनि भन्तेले यस पंक्तिकारलाई थेरी उपादान पुस्तक दिनु भएको थियो । त्यहाँ रहेको कुनै पुस्तक मागेमा उहाँ तुरुन्त दिनु हुन्थ्यो । वहाँ भन्नु हुन्थ्यो "यी पुस्तकहरु पढ्नको लागि हो, देखाउनको लागि हैन ।"

उहाँ सम्पत्ति जम्मा गर्ने कुरामा विरोध गर्नु हुन्थ्यो र आफुसंग भएको एउटा क्यामेरा समेत आफ्नो निजी नभएको वताउनु हुन्थ्यो ।

केहि वर्ष देखि उहाँ बौद्ध प्रशिक्षण कार्यमा सकृय रहनु भयो । आफ्नो विहारमा हुने आम्दानी पनि

विभिन्न बौद्ध गतिविधिमा लगाउने गर्नुभयो । पोखरामा संचालन गरिएको बौद्ध प्रशिक्षण शिविरहरुमा वहाँको महत्वपूर्ण सहयोग रह्यो, हिमाली बौद्ध शिक्षण संस्थाको तर्फबाट उहाँले थुप्रै आर्थिक सहयोग उपलब्ध गराउनु भयो । उहाँको योगदानको चर्चा जति गरे पनि कम हुन्छ । यस्तो विलक्षण प्रतिभाशाली व्यक्तित्व हाम्रा माझ रहनु भएन, गत असार ३१ गते हृदयघात भएर शहीद गंगालाल राष्ट्रिय हृदयरोग केन्द्रमा उपचार हुँदाहुँदै श्रावण ५ गते उहाँको निधन भयो र श्रावण ८ गते हजारौं बौद्धहरु माझ स्वयम्भूमा उहाँको अनित्य शरिरको अन्त भयो । नेपाली बौद्धहरुले बौद्ध शासनका आफ्नो संरक्षक, नीति निर्माता गुमाएको छ, राष्ट्रले एउटा सपुत गुमाएको छ ।

अखिल नेपाल भिक्षु महासंघका उपाध्यक्ष, नेपाल भाषा एकेडेमीका उपकुलपति, लुम्बिनी विकाश कोषका सल्लाहकार, बौद्ध इतिहास, संस्कृति एवं पुरातत्वविद् दिवगत भिक्षु सुदर्शन महास्थविरको निर्वाण कामना गर्दै श्रद्धान्जलि अर्पण गर्नु र वहाँले दिनु भएको शिक्षा, प्रेरणा आत्मसात गर्नु बाहेक हाम्रो सामु अब के नै बाँकी रहयो र ! अस्तु ।

भवतु सब्ब मंगलम् ।

❖❖❖


पोखराको विश्व शान्ति स्तूप पुनर्निर्माण समितिका पूर्व राष्ट्रिय अध्यक्ष

**बौद्ध विद्वान, भाषा सेवी र सबैका सहयोगी**

*भिक्षु सुदर्शन महास्थविरको २०५८ श्रवण ५ गते असामयिक*

**निधन भएकोमा उहाँ प्रति भावपूर्ण श्रद्धाञ्जलि अर्पण**

गर्दै उहाँको निर्वाण लाभको कामना गर्दछौं ।

**खेमराज पौडेल**

अध्यक्ष

**लुम्बिनी चिनी कारखाना परिवार**

सुनवल, नवल परासी


बुद्धको जन्मभूमि नेपाल हो । बुद्ध धर्म र नेपालको सम्बन्ध प्राग ऐतिहासिक काल देखि अविछिन्न रहँदै आएको छ । पौराणिक बुद्धहरुको महिमा र महत्वले यो सम्बन्धलाई अरु घनिष्ट र अक्षुण बनाएको छ ।

– भिक्षु सुदर्शन महास्थविर

# पोखरा उपत्यका व्यापी बुद्ध पूजामा मेरो अनुभव

❑ ओमरी साँ

धर्मचक्र प्रवर्तन दिवस, आषाढ पूर्णिमाको उपलक्ष्यमा धर्मचक्र दीपश्य विहार मनाङ्ग गुम्बाको आयोजनामा भएको १९औं पोखरा उपत्यका व्यापी बुद्ध पूजामा सहभागी हुन पाएकोमा मलाई धेरै खुशी लागि रहेछ। त्यसको लागि म आयोजकहरु प्रति हार्दिक आभार व्यक्त गर्दछु।

सिमसिम पानी परिरहेको वेलामा पनि वाल वालिका लगायतका वौद्धहरु प्रोशसनमा उत्साहपूर्वक भाग लिई रहेका थिए।

नेपाल देखि धेरै टाढा, सुदूर पूर्वको देश जापानका बौद्ध उपासक नेपालमा आएर यस्तो समारोहमा सरीक हुँदा धेरै नया र नौलो अनुभव हुनु स्वभाविक हो। भगवान बुद्धको धर्म आज भन्दा १२०० वर्ष पहिले नेपाल - भारतवाट चाइना र कोरिया हुँदै जापान पुगेको थियो। त्यति लामो वाटो पार गरेर जाँदा धर्मको सानो तिनो नियम, र रुपरेखामा निश्चिय नै परिवर्तन भएको देखिन्छ। तर धर्मको मूलभूत शिक्षा र सिद्धान्तमा भने त्यस्तो अन्तर छैन। शान्ति पद यात्रा गर्ने तौर तरिकामा भने केही फरक भएको मैलो अनुभूति गरे।

यहाँको शान्ति पद यात्रामा बुद्ध धर्मका विभिन्न सम्प्रदायहरु लामा भिक्षु लगायतका उपासक उपासिकाहरु एक साथ भेला भै एकत्रित भएर सहभागी भै काम गरेको देख्दा मलाई आश्चर्य पनि लाग्यो। किन भने जापानमा त्यसरी सबै थरि मिलेर जाने गर्दैनन्।

जापानीहरु बुद्धका उपदेशलाई महत्वका दृष्टिले हेर्ने गर्दछन्। जसबाट भविष्यमा सफल र समृद्धि हुन सघाउ पुऱ्याउछ। बुद्धको सातवटा शिक्षाहरु मध्ये एउटा सवै एकतावद्ध भएर काम गर्नु पनि हो। त्यस शिक्षा अनुसार हामी घर परिवार, कम्पनीका सबै मिलेर काम गर्दछौं। अन्यत्रका मानिस त्यसरी मिलेर काम गर्न गाह्रो मान्दछन् भने पोखराका वौद्धहरुले सवै भाषा भाषीहरुलाई एकत्रित गरेर देखाई दिएका छन्। जुन देख्दा कुनै पनि देशका मानिसहरु छक्क पर्नेछन्।

मानिसहरुलाई भित्री मनवाटै शान्ति उत्पन्न गराउने पोखराको यो प्रयास प्रशसनीय छ। यो परम्परा कायम रहिरहोस भन्ने म प्रार्थना गर्दछु।

पछि पनि जब म पोखरामा हुन्छु यस्तो शान्ति पद यात्रामा निश्चय नै उपस्थिति हुनेछु। त्यस दिन शान्ति पदयात्रामा सहभागी भएको कारणले मेरो दिन राम्ररी वितेको थियो। धर्म चक्र परम्परा दीपश्य विहारले शान्ति पदयात्राको साथै त्यहां उपस्थित सवैलाई भोजनको समेत प्रबन्ध गरेर अर्को महत्वपूर्ण काम गऱ्यो। जसको लागि सम्पूर्ण लामाज्यूहरु तथा गुम्वा परिवार प्रति धन्यवाद ज्ञापन गर्दछु।

अनुवादक: राकेशमान बुद्धाचार्य
सचिव, होटल फेवा प्रिन्स प्रा.लि., पोखरा

## बुद्ध शासनका नेतृत्वदायी व्यक्तित्व

भिक्षु सुदर्शन महास्थविरको असामयिक एवं दुःखद निधन भएकोमा

**हामी उहाँ प्रति हार्दिक श्रद्धाञ्जलि व्यक्त गर्दछौं**

र उहाँको शिघ्र निर्वाण लाभको लागि कामना गर्दछौं।

युवा बौद्ध संघ — दायक सभा

बौद्ध उपासिका संघ — ज्ञनमाला संघ

**धर्मशीला बुद्ध विहार परिवार**

पोखरा

## श्रद्धेय भिक्षु सुदर्शन महास्थविरको असामयिक निधनमा विभिन्न महानुभावहरुबाट व्यक्त शब्द श्रद्धाञ्जलि

### ज्ञानी र असल भिक्षु

भिक्षु सुदर्शन महास्थविर बुद्ध धर्मको प्रचार गर्नमा सदैव तल्लीन हुनु हुन्थ्यो । उहाँ ज्यादै ज्ञानी र असल हुनु हुन्थ्यो । एक पटक पोखराको विश्व शान्ति स्तूपबाट फर्कने बेलामा म साथै थिए । तर उहाँलाई डाँडाबाट ओर्लन ज्यादै मुस्किल भएको बेलामा एक ठाउँमा मैले हात समातेर उहाँलाई साथ दिएको घटना म अहिले झल्झली सम्झिरहेछु ।

❖ वयोवृद्ध भिक्षु सुभद्र, धर्मशीला बुद्ध विहार, पोखरा

### अन्तर्राष्ट्रिय व्यक्तित्व

श्रद्धेय भिक्षु सुदर्शन महास्थविरले बौद्ध शास्त्रहरुको नेपाली र नेवारी भाषामा अनुवाद गरी प्रकाशित गर्नमा ठूलो योगदान दिनु भएको थियो । उहाँको क्रियाकलापले उहाँलाई राष्ट्रिय मात्र होइन एउटा अन्तर्राष्ट्रिय व्यक्तित्व बनाएको छ ।

❖ भिक्षु श्रद्धानन्द, धर्मशिला बुद्ध विहार, पोखरा

### कुशल व्यवस्थापक

२०२६ सालमा म अनागारिका धर्मशिला गुरुमाको साथमा ऐतिहासिक बौद्ध तिर्थ यात्रामा सहभागी भै भारत गएको थिए । ५, ६ सय जना तिर्थ यात्रीहरु एक साथ जाँदा पनि भिक्षु सुदर्शन महास्थविरले जे जसरी व्यवस्था मिलाईदिनु भयो त्यसबाट म ज्यादै प्रभावित भएं । उहाँ एक वास्तवमा कुशल व्यवस्थापक हुनु हुन्थ्यो ।

❖ अनागारिका कर्मशिला, धर्मशिला बुद्ध विहार, पोखरा

### सरल, विद्वान र कर्मठ भिक्षु

भिक्षु सुदर्शन अत्यन्त सरल, विद्वान र कर्मठ व्यक्ति हुनु हुन्थ्यो उहाँ अरुको मदत गर्न सधैं तयार हुनुहुन्थ्यो । पोखराको विश्व शान्ति स्तूप बनाउँदा, त्यो स्तूप भत्काएको बेलामा र पुन: निर्माणको बेलामा पनि उहाँले हामीलाई उत्साहपूर्ण साथ र सहयोग प्रदान गरेर कहिल्यै विर्सन नसकिने गुण लगाउनु भएको छ । उहाँको निधनले अपूरणीय क्षति भएको छ । ❖ कृष्ण बहादुर गुरुङ, सभापति, विश्व शान्ति स्तूप, पोखरा

### सगरमाथा जस्तो उच्च व्यक्तित्व

उहाँ साह्रै योग्य र तिक्ष्ण प्रतिभावान व्यक्ति हुनु हुन्थ्यो । उहाँले महायान, थेरवाद र वज्रायानलाई समन्वय गरेर लैजान चाहानु चाहानुहुन्थ्यो । पोखरामा परम्परा भएको पोखरा उपत्यका व्यापी बुद्ध पूजा आयोजना गर्नमा उहाँको अमूल्य सल्लाह र सुझाव थियो । बुद्ध धर्मको लागि उहाँले यत्ति धेरै काम गर्नु भयो कि उहाँको व्यक्तित्व सगरमाथा जस्तै उच्च भएको थियो । ❖ प्रकाशमान गुभाजु, रजिष्टार, पोखरा विश्वविद्यालय

### निडर र निर्भिक व्यक्ति

मैले धर्मोदय सभामा उहाँसँग बसेर काम गर्ने अवसर पाएँ । उहाँ निडर र निर्भिक व्यक्ति हुनुहुन्थ्यो । जस्तो सुकै कठिन अवस्थामा पनि सरल निर्णय गर्न सक्ने, अन्यौलको बेलामा पथ प्रदर्शन गर्न सक्ने र बौद्ध एकता कायम गर्नमा अथक योगदान गर्ने उहाँ अविस्मरणीय भिक्षु हुनुहुन्थ्यो ।

❖ बिल बहादुर गुरुङ, पूर्व केन्द्रीय सदस्य, धर्मोदय सभा

### निडर, निर्भिक र जुझारु स्वभावका भिक्षु

दिवगत भिक्षु आफ्नो हक अधिकार प्रति अत्यन्त सजग र सतर्क हुनु हुन्थ्यो । उहाँ जुझारु स्वभाका हुनुहुन्थ्यो, अनि उत्तिकै निडर र निर्भिक पनि । उहाँले धेरै पटक आफ्नो त्यो स्वभाव प्रदर्शन गरेर सबैलाई प्रभावित पार्नु भएको थियो । ❖ शंकर गुरुङ, सभापति, धर्मोदय सभा, कास्की

## धर्म, संस्कृति र इतिहासको ज्ञाता

भिक्षु सुदर्शन महास्थविर धर्म, संस्कृति, इतिहास र पुरातत्वका ज्ञाता हुनुहुन्थ्यो। उहाँको विद्वताको प्रभाव बौद्ध जगतमा मात्र होइन भाषा, साहित्य क्षेत्रमा पनि फैलिएको थियो। नेवारी भाषाको उत्थानमा पनि उहाँको ठूलो योगदान रहेको छ। त्यस्तो प्रकाण्ड विद्वान र प्रभावशाली व्यक्तित्वको निधन हुनु अपूरणीय क्षति हो।

❖ कुलमान बुद्धाचार्य, अध्यक्ष, सद्धर्म सभा, धर्म संघ बुद्ध विहार, पोखरा

## ख्याती प्राप्त विद्वान

सुदर्शन भन्ते नेपालका ख्याती प्राप्त विद्वान हुनुहुन्थ्यो। उहाँले बुद्ध धर्मको नेपाल र नेपाली भाषाको प्रचारमा महत्वपूर्ण योगदान पुऱ्याउनु भएको थियो। उहाँको निधनबाट राष्ट्रको अपूरणीय क्षेती भएको छ।

❖ सुवर्ण वज्राचार्य, अध्यक्ष, ज्ञानमाला संघ, पोखरा

## कवि, साहित्यकार, नाटककार, भाषा सेवी भिक्षु

भिक्षु सुदर्शन महास्थविर कवि, साहित्यकार, नाटककार र भाषा सेवी मात्र नभै बौद्ध विद्वान र अनुसन्धानकर्ताको रुपमा पनि राष्ट्र र अन्तर्राष्ट्रिय क्षेत्रमा सुविख्यात हुनुहुन्थ्यो। उहाँको निधनबाट ती सबै क्षेत्रमा अपूरणीय क्षति भएको छ।

❖ सोम वज्राचार्य, अध्यक्ष, पोखरेली युवा सांस्कृतिक परिवार, पोखरा

## युवाहरुको प्रेरणाको श्रोत

श्रद्धेय भिक्षु सुदर्शन महास्थविज्यू हामी युवाहरुको प्रेरणाको श्रोत हुनु हुन्थ्यो। उहाँ सत्य, निष्ठ, निडर, निर्भिक र चिन्तनशील हुनुहुन्थ्यो। उहाँले तालीमको अवधारणा ल्याएर हामी युवाहरु जनजाति आदि वासीहरुलाई आकर्षित पार्नुभयो। सो तालीमको लागि पनि आफै अग्रसर भएर र आर्थिक सहयोग समेत जुटाएर ठूलो गुण लगाउनु भएको छ। जुन हामीले कहिल्यै भुल्न सक्ने छैनौं।

❖ उत्तम बुद्धाचार्य, पूर्व सभापति, युवा बौद्ध संघ, पोखरा

## सदकर्मतिर लाग्न प्रेरित गर्ने व्यक्तित्व

भिक्षु सुदर्शन महास्थविरले हाम्रो जस्तो संस्थालाई सल्लाह, सुझाव, सहयोग समेत दिएर पथ प्रदर्शन गर्नु हुन्थ्यो। उहाँको मार्ग निर्देशनले युवाहरुलाई सदकर्मतिर लाग्न प्रेरणा प्राप्ति हुन्थ्यो। युवा बौद्ध संघ सधै उहाँको ऋणि रही रहनेछ।

❖ प्रकाश उदास, सभापति, युवा बौद्ध संघ, पोखरा

## पोखराको पहिलो बौद्ध पुस्तकका लेखक

दिवंगत भिक्षुको योगदान पोखरामा जताततै छरिए झैं छरिएको छ। मेरो उहाँ संग लेखकीय सम्बन्ध कायम रहेको थियो। मेरो स्मरण अनुसार पोखराबाट प्रकाशित भएको पहिलो बौद्ध पुस्तक उहाँले लेख्नु भएको थियो।

❖ विश्व शाक्य, पूर्व सभापति, मैत्री संघ, पोखरा

## महत्वपूर्ण व्यक्ति

भिक्षु सुदर्शन महास्थविर बौद्ध जगतका महत्वपूर्ण व्यक्ति हुनु हुन्थ्यो। उहाँले बौद्ध जगतको लागि अविस्मरणीय गुण लगाउनु भएको छ। उहाँको गुण हामी सबैका लागि ताजा रहिरहने छ।

❖ क. उमरध्वज गुरुङ्ग, सभापति, बौद्ध अर्चौ सदन, पोखरा

## नेतृत्व गर्न योग्य भिक्षु

भिक्षु सुदर्शन महास्थविरले जटिल समस्याको पनि सरल समाधान गर्नु हुन्थ्यो। समस्यामा परेकाको उद्धार गर्नुहुन्थ्यो। सल्लाह, सुझाव दिएर नेतृत्व गर्न अत्यन्त योग्य हुनुहुन्थ्यो। पोखराको शान्ति स्तूपको

निर्माणमा उहाँको नेतृत्वदायी योगदान हामी सबैका लागि अविस्मरणीय रहिरहेको छ ।

❖ पुष्करमान बुद्धाचार्य, कोषाध्यक्ष, विश्व शान्ति स्तूप, पोखरा

## व्यावहारिक व्यक्तित्व

भिक्षु सुदर्शन व्यावहारिक व्यक्ति हुनुहुन्थ्यो । पोखराको विश्व शान्ति स्तूपमा उहाँले "मानव समाजमा विविधता छ, त्यो विविधता नै मानविय गुणको सुन्दरता हो" भनी भन्नु भएको कुरा मैले कहिल्यै भुल्न सक्दिन । उहाँको कीर्ति अनन्त सम्म फैलिरहोस् । ❖ साथी माधव, पोखरा

## व्यक्तिगत सम्पत्ति नराख्ने भिक्षु

भिक्षु सुदर्शन विनय नियममा रहन चाहने व्यक्तिका सम्पत्ति संकलन गरि राख्न नचाहने र भएको सम्पत्ति सबै बुद्ध धर्मको प्रचार कार्यमा लगाउने तथा आफ्ना उपासक उपसिकाहरुलाई सँधै प्रेरित र प्रोत्साहित गरिराख्ने व्यक्तित्व हुनुहुन्थ्यो । ❖ वेदमान गुभाजु, निवर्तमान अध्यक्ष, सद्धर्म सभा, धर्मसंघ बुद्ध विहार

## बौद्ध जगतका बलियो खम्बा

उहाँ बौद्ध जगतका बलियो खम्बा हुनुहुन्थ्यो । उहाँले धर्म, भाषा र विकास निर्माणमा अत्यन्त रुची राख्नु हुन्थ्यो । उहाँको निधनबाट हामी सबै दुःखीत भएका छौं ।

❖ डा. प्रकाश सिंह तुलाचन, नदीपुर, पोखरा

## सरल र समानतामा विश्वास गर्ने

भिक्षु सुदर्शन महास्थविर पोखरामा आउनु हुँदा उहाँको प्रवचन सुन्ने मौका पाएकी थिएँ । उहाँ अत्यन्त सरल स्वभावका हुनुहुन्थ्यो र समानतामा विश्वास गर्नुहुन्थ्यो । दलित र जनजातिको उत्थान र उन्नतिको लागि उहाँले धेरै योगदान पुऱ्याउनु भएको थियो । ❖ गणेश नेपाली, बौद्ध उपासक, पोखरा

## सरल, शिष्ट र सहयोगी

भिक्षु सुदर्शन अत्यन्त सरल हुनुहुन्थ्यो । शिष्ट हुनुहुन्थ्यो र सबैका लागि सहयोगी पनि हुनुहुन्थ्यो । बुद्ध धर्मको प्रचारमा उहाँले पुऱ्याउनु भएको योगदान पछि सम्म स्मरणीय रहीरहने छ ।

❖ सन्त कुमारी बुद्धाचार्य, अध्यक्ष, बौद्ध उपासिका संघ, पोखरा

## बौद्ध जगतको चम्किलो तारा

उहाँ बौद्ध जगतका चम्किलो तारा हुनुहुन्थ्यो । उहाँले अन्धकारमा परिरहेका असंख्य मानिसलाई सद्धर्मको प्रकाश दिएर मानवताको सेवा गर्नु भयो । महिला उत्थानमा उहाँको विशेष रुचि थियो । उहाँको निधनबाट अपूरणीय क्षति भएको छ । ❖ चन्द्रलक्ष्मी गुभाजु, सचिव, बौद्ध उपासिका संघ, पोखरा

## बहुआयामिक व्यक्तित्व

भिक्षु सुदर्शन बहुआयामिक व्यक्ति हुनुहुन्थ्यो । उहाँले धर्म, भाषा, साहित्यका धेरै कृतिहरुको प्रकाशित गर्नुभएको छ । उहाँ विज्ञान र प्रविधिमा पनि उत्तिकै रुचि राख्नु हुन्थ्यो ।

❖ पञ्चलक्ष्मी बुद्धाचार्य, निवर्तमान सभापति, बौद्ध उपासिका संघ, पोखरा

## योग्य र कुशल भिक्षु

सुदर्शन भन्ते अत्यन्त योग्य र कुशल हुनुहुन्थ्यो । साधा जिवन, उच्च विचार राख्नु हुन्थ्यो । वर्तमान नेपालको बौद्ध शासनमा उहाँ एक आदर्श र उदाहरणीय हुनुहुन्थ्यो ।

❖ शेरमान बुद्धाचार्य, निवर्तमान सभापति, दायक सभा, पोखरा ।

## शिष्ट र सौम्य

दिवगत भन्ते शिष्ट र सौम्य हुनुहुन्थ्यो । सवैसंग मिल्ने, सवैको सहयोग गर्ने भिक्षुको रुपमा उहांको सम्झना गरिने छ ।

❖ हिराभक्त ताम्राकार, होटल क्रिस्टल, पोखरा ।

## सरल र सहयोगी

भिक्षु सुदर्शन सरल जीवन यापन गरी उच्च विचार राख्नु हुन्थ्यो । उहां हामी सबैका सहयोगी हुनुहुन्थ्यो । बुद्ध धर्म शास्त्रका किताबहरु नेपाली र नेवारी भाषामा अनुवाद गरी भाषा र धर्मको प्रबर्द्धन गर्नमा उहांको ठूलो योगदान रहेको छ ।

❖ उत्तर कुमारी पालिखे, पूर्व अध्यक्ष, बौद्ध उपासिका संघ, पोखरा

## कुशल योजनाकार

दिवगत भन्ते कुशल योजनाकार हुनुहुन्थ्यो । आफ्नो योजना अनुसार कार्यक्रम, नीति र रणनीति तर्जुमा गर्नमा पनि उहां उत्तिकै खप्पिस हुनुहुन्थ्यो ।

❖ प्रज्ञारत्न बज्राचार्य, पूर्व अध्यक्ष, ज्ञानमाला संघ, पोखरा ।

## कुशल र योग्य

भिक्षु सुदर्शन महास्थविरको बौद्ध शासनमा आफ्नै स्थान थियो । उहां काम गर्नमा कुशल र योग्य हुनुहुन्थ्यो । कुनै पनि काम छिटो, छरितो र राम्ररी सम्पन्न गर्नु उहांको विशेषता हो ।

❖ सानुरत्न स्थापित, पूर्व अध्यक्ष, दायक सभा, पोखरा ।

## बुद्ध शासनलाई गतिशील बनाउने

बुद्ध शासनलाई आधुनिक रुप दिई गतिशील बनाउने उहांको प्रयास वन्दनीय छ ।

❖ सुनपुतली बुद्धाचार्य, सदस्य, दायक सभा, पोखरा ।

## व्यक्तिगत सम्पति संग्रह नगर्ने

आफ्नो नाममा व्यक्तिगत सम्पत्ति संग्रह गरी नराख्ने र संग्रह हुन आएको सबै रकम बुद्ध धर्मको प्रचार कार्यमा लगाउने एक विशिष्ट भिक्षुको रुपमा उहां स्मरणीय रही रहनु हुनेछ ।

❖ गोविन्द ताम्राकार, अध्यक्ष, मैत्रीसंघ, पोखरा ।

## रचनात्मक चिन्तन गर्ने

भिक्षु सुदर्शन अत्यन्त सहृदयी हुनुहुन्थ्यो । उहां सँधै रचनात्मक चिन्तन गर्नुहुन्थ्यो । नयाँ र नौलो सोच गर्नमा उहां माहिर हुनुहुन्थ्यो ।

❖ कृष्णमान गुभाजु, सचिव, दायक सभा, पोखरा ।

## बहुआयामिक व्यक्तित्व

भिक्षु सुदर्शन महास्थविर विद्वान र बहुआयामिक व्यक्ति हुनुहुन्थ्यो । बौद्ध शासनमा उहांको अनुपस्थिति पछि सम्म खट्किरहने छ ।

❖ अशोक मान बुद्धाचार्य, पृथ्वीचोक, पोखरा ।

## भरोसालाग्दो व्यक्ति

भिक्षु सुदर्शन बुद्ध शासनका एक भरोसालाग्दो व्यक्ति हुनुहुन्थ्यो । उहाँको निधनबाट हामी सबैलाई गहिरो चोट पुगेको छ ।

❖ धन बहादुर उदास, धर्मशिला बुद्ध विहार, पोखरा ।

## काम गर्न तत्पर भिक्षु

कुनै काम पर्नासाथ आफै दौडेर जाने तत्पर भिक्षुको रुपमा उहाँको सम्झना गरिने छ।

❖ भैरव वहादुर उदास, उपासक, तेसांपट्टि, पोखरा।

## योग्य भिक्षु

दिवंगत भन्ते आफै पनि काम गर्न सक्ने अरुलाई पनि काम गराउने जान्ने योग्य भिक्षु हुनुहुन्थ्यो। उहाँ काम गरेर कहिल्यै थाक्नु हुन्न थियो।

❖ कृष्ण उदास, उपासक, पोखरा।

## नेपाल र नेपालीको प्रतिष्ठा बढाउने

भिक्षु सुदर्शन महास्थविर बौद्ध दर्शनका ज्ञाता हुनुहुन्थ्यो। उहाँले बुद्ध धर्म मार्फत नेपाल र नेपालीको मान प्रतिष्ठा बढाउन महान कार्य गर्नु भएको छ। त्यस्तो व्यक्तित्वको सरकारबाट उचित कदर हुनु पर्दछ।

❖ इच्छामान बुद्धाचार्य, इच्छाशक्ति अटोमोवाइल, पोखरा।

## परिपक्व नेतृत्व गर्न सक्ने

भिक्षु सुदर्शन महास्थविर प्रतिभावान, विद्वान र परिपक्व नेतृत्व गर्न सक्ने व्यक्ति हुनुहुन्थ्यो। उहाँले जटिल भन्दा जटिल समस्याको पनि सरल समाधान निकाल्नु हुन्थ्यो। काम गर्न सदा तत्पर रहने उहाँ राष्ट्र र राष्ट्रियताका प्रवल पक्षपाती हुनुहुन्थ्यो। उहाँको निधनवाट राष्ट्रको अपूरणीय क्षती भएको छ।

❖ तिलकमान गुभाजु, अध्यक्ष, दायक सभा, पोखरा।

## दिवंगत भिक्षुको स्मृतिमा श्रद्धाञ्जलि सभा

पोखरा/बौद्ध जगतका अति विशिष्ट व्यक्तित्व भिक्षु सुदर्शन महास्थविरको ६८ वर्षको उमेरमा २०५९ श्रावण ५ गतेका दिन असामयिक निधन भएकोमा धर्मशीला बुद्ध विहार, पोखराले श्रद्धाञ्जली सभाको आयोजना गरी हार्दिक श्रद्धा सुमन अर्पण गऱ्यो।

शाक्य समाज भवन, नदीपुरमा आयोजित श्रद्धाञ्जली सभा भिक्षु श्रद्धानन्दको सभापतित्वमा सम्पन्न भएको थियो। सभापतिको आसनवाट भिक्षु श्रद्धानन्दले दिवंगत भिक्षु सुदर्शनले त्रिपिटकहरु नेपालीमा अनुवाद गर्ने गराउने महान इच्छा राख्नु भएको चर्चा गर्दै उहाँको प्रयासवाट बौद्ध शास्त्रहरुको नेपालीमा अनुवाद भैरहेको बताउनु भयो।

पोखरा विश्वविद्यालयका रजिष्टार तथा धर्मोदय सभाका पूर्व केन्द्रीय सदस्य प्रकाशमान गुभाजूले दिवंगत भिक्षुको व्यक्तित्व सगरमाथा जस्तै उच्च भएको प्रसंग उल्लेख गरेर उहाँ अत्यन्त योग्य र प्रतिभावान हुनुहुन्थ्यो भन्नुभयो।

धर्मोदय सभाका अर्का पूर्व केन्द्रीय सदस्य विल वहादुर गुरुङले उहाँ निडर र निर्भिक व्यक्ति हुनुहुन्थ्यो र ताकेको काम गरेरै छाड्नु हुन्थ्यो भन्नु भयो।

मैत्री संघ पोखराका निवर्तमान अध्यक्ष विश्व शाक्यले पोखरावाट प्रकाशित पहिलो बौद्ध पुस्तक भिक्षु सुदर्शनले लेख्नु भएको स्मरण गर्नु भयो।

बौद्ध अर्घौ सदनका अध्यक्ष उमरध्वज गुरुङले बौद्ध जगतका महत्वपूर्ण व्यक्तित्वको निधन भएकोमा गहिरो शोक व्यक्त गर्नुभयो।

सभाको शुरुमा दायक सभाका अध्यक्ष तिलकमान गुभाजूले भिक्षु सुदर्शनको जिवनीमाथि प्रकाश पार्दै पोखराको विश्वशान्ति स्तूप पुनः निर्माण समितिका अध्यक्ष भएर पनि उहाँले सेवा पुऱ्याउनु भएको बताउनु भयो। दिवंगत भिक्षुले त्रिभुवन विश्वविद्यालयमा बौद्ध कक्षा सञ्चालन, लुम्बिनीको विकास, मायादेवी मन्दिरको पुनः निर्माण, कीर्तिपुरमा भव्य रुपमा नगरमण्डप श्रीकीर्ति विहार निर्माण गरेर एउटा दर्शनीय तीर्थस्थल नै थप गरेर बुद्ध धर्मको सेवा गरेको उल्लेख गर्नु भयो।

युवा बौद्ध संघका भुवन तान्नाकारले संचालन गर्नु भएको सो कार्यक्रमको शुरुमा १ मिनेट मौन धारण गरिएको थियो भने भिक्षु श्रद्धानन्दले पञ्चशील प्रदान गर्नु भएको थियो ।

अन्तमा पुण्यानुमोदन गरी दिवंगत भिक्षुको शिघ्र निर्वाणलाभको लागि कामना गरिएको थियो ।

## १९औं पोखरा उपत्यका व्यापी बुद्ध पूजा सम्पन्न

पोखरा/प्रत्येक वर्ष धर्मचक्र प्रवर्तन दिवसको उपलक्ष्यमा मनइदै आएको पोखरा उपत्यकाव्यापी बुद्ध पूजा यस वर्ष कर्मसिद्ध परम्परा धर्मचक्र दीपश्रय विहार मनाङ्ग गुम्बाको आयोजनामा भव्य रुपमा सम्पन्न भयो । त्यस गुन्बाद्वारा आयोजित १९औं पोखरा उपत्यका व्यापी बुद्ध पूजा विहान सवेरै धर्मशीला बुद्ध विहारबाट प्रारम्भ भै शान्ति पद यात्राको रुपमा मैत्री चैत्य, थे छिडलिङ गुम्बा, दीप, त्यहाँबाट मोहरियाटोल स्थित धर्मसघ बुद्ध विहार, चैत्य त्यहाँबाट नालाको मुख, तेर्सापट्टि भै त्यहांको चैत्य अनि महेन्द्रपुल, नयाबजार भै पृथ्वीचौक स्थित साङगाधेन छो खोरलिङ गुम्बा, त्यहाँबाट वुद्ध शान्ति मार्ग स्थित टासी छोलिङ गुम्बा, बौद्ध अर्घो सदन र त्यहावाट कर्मसिद्ध परम्परा धर्मचक्र विहार मा पुगी समापन भएको थियो ।

शान्ति पदयात्रा गुन्बामा पुगेपछि एउटा सभामा परिणत भयो । सभामा गुम्बाका मुख्यलामा ङेदेन रिम्पोछेले मङ्गल सूत्र पाठ गरेर धर्मचक्र प्रवर्तन दिवसको महत्वमाथि सरल र स्पष्ट व्याख्या गर्नु भयो भने त्यसको संक्षिप्त नेपालीमा अनुवाद नेपाल लामा संघका महासचिव मीन वहादुर गुरुङले गर्नु भएको थियो ।

सभामा धर्मशीला बुद्ध विहारका भिक्षु श्रद्धानन्दले आषाढ पूर्णिमाको दिनमा परेको पाँच संयोगहरुको उल्लेख गर्दै बुद्ध धर्ममा यस दिवसको महत्वपूर्ण स्थान रहेको वताउनु भयो ।

सभाको अन्तमा धर्मशीला बुद्ध विहार दायक सभाका सभापति तिलकमान गुभाजूले अखिल नेपाल भिक्षु महासंघका उपाध्यक्ष भिक्षु सुदर्शन महास्थविरको असामयिक निधन भएकोमा शोक प्रस्ताव पढेर सुनाउनु भयो । शोक प्रस्तावमा दिवगत भिक्षुले वुद्ध धर्मको प्रचार प्रसारमा अद्वितीय योगदान पुऱ्याउनु भएको र सभाले उहाँको सो कार्यको उच्च मूल्यांकन गरेको, उल्लेख छ । शोक प्रस्तावमा सभाले उहाँ प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गरी उहाँको शीघ्र निर्वाण लाभको लागि कामना गर्दछ भनिएको छ ।

त्यसपछि दिवगत भिक्षुको सम्मान र स्मरणमा १ मिनेट मौन धारण गरिएको थियो । सभाको संचालन लामा मीन वहादुरले गर्नु भएको थियो ।

सभामा उपस्थित सम्पूर्ण सहभागीहरुलाई गुन्बाको तर्फवाट भोजनको व्यवस्था गरिएको थियो । उपासक उपासिका र भक्तजनहरुको संख्या एक हजार भन्दा वढी थियो ।

## बागलुङ्गमा शोकसभा

भिक्षु सुदर्शन महास्थविरको असामयिक निधनमा बागलुङ्गका ज्ञानोदय वुद्ध विहारमा श्रावण ११ गते शोक सभाको आयोजना गरिएको समाचार छ ।

त्यस विहार स्थित महिला बौद्ध संघ, युवा बौद्ध संघ र ज्ञानोदय वुद्ध विहार समितिको संयुक्त आयोजनामा भएको शोक सभामा दिवगत भिक्षुको चिर शान्तिका लागि परित्राण पाठ र एक मिनेट मौन धारण गरिएको थियो ।

शोक सभामा विहार समितिका अध्यक्ष मुकनद शाक्यले सुदर्शन भिक्षुले धर्म, भाषा र समाज सेवाको क्षेत्रमा पुऱ्याउनु भएको योगदानको चर्चा गर्नुभयो ।

निवर्तमान अध्यक्ष ईश्वर वज्राचार्य भन्तेको नाटक विधामा पुऱ्याउनु भएको रोचक सस्मरण सुनाउनु भएको थियो भने युवा बौद्ध संघका अध्यक्ष दिपकर शाक्यले दिवगत भिक्षुले सद्धर्मको प्रचार विकास र विस्तार गर्नमा गर्नु भएको प्रयास अविस्मरणीय रहेको छ भन्नु भयो ।

कार्य समितिका सदस्य श्याम श्रेष्ठले भिक्षुको जीवनी माथि प्रकाश पार्नु भएको थियो ।

सभा कोषाध्यक्ष सुदर्शन शाक्यले सञ्चालन गर्नु भएको थियो ।

### मंगल कामना

बागलुङ्गबाटै प्राप्त अर्को एक समाचार अनुसार श्री ५ युवराजाधिराज पारस वीर विक्रम शाह तथा श्री ५

युवराज्ञी हिमानी राज्य लक्ष्मी देवी शाहवाट नवयुवराजको जन्म भएको खुशीयालीमा ज्ञानोदय बुद्ध विहारमा खुशीयाली मनाएको थियो ।

त्यहाँको महिला बौद्ध संघले सो अवसरमा परित्राण पाठ गरेर मंगल कामना पनि गरेको समाचार छ ।

## वार्षिकोत्सवको अवसरमा जेष्ठ नागरिक र विद्यार्थी सम्मानित

पोखरा, १८ साउन । धर्मसंघ बुद्ध विहारका ४६औं वार्षिकोत्सव तथा सद्धर्म सभा ११औं वर्षमा प्रवेश गरेको उपलक्ष्यमा आज शाक्य समाज, नदीपुरमा एक कार्यक्रमको आयोजना गरी शाक्य समाजकी जेष्ठ नागरिक श्रीमती सेतुली बज्राचार्यलाई सम्मानित गरियो ।

त्यस अवसरमा ०५७/०५८ वर्ष र ०५८/०५९ वर्षको एस.एल.सी. परीक्षामा उत्कृष्ट अंक ल्याउने शाक्य समाजका विद्यार्थीहरुलाई पनि पुरस्कार वितरण गरिएको थियो ।

जेष्ठ नागरिक ८० वर्षीया श्रीमती सेतुली वज्राचार्यलाई दोसल्ला ओढाएर सद्धर्म सभाका पूर्व अध्यक्ष चन्द्रमान वज्राचार्यले सम्मान गर्नुभएको थियो ।

यसैगरी ०५७/०५८ को एस.एल.सी. परीक्षामा पोखराको शाक्य परिवारमा सर्व प्रथम हुने विद्यार्थी विनी वज्राचार्य (जेम्स स्कूल सानेपा ६५.५%) तथा छात्र विवेक गुभाजू (ज्ञानुबाबा वोर्डिङ्ग स्कूल नयाँ गल्ली ६४.५%) तथा ०५८/०५९ को एस.एल.सी. मा प्रथम हुने छात्रा सञ्जिला वज्राचार्य (विन्ध्येश्वरी वोर्डिङ्ग स्कूल ८३.५%) र छात्रा नविन वज्राचार्य (अरनिको वोर्डिङ्ग स्कूल खेरेनीटार ७९.५%) लाई धर्म संघ बुद्ध विहारका अध्यक्ष वेदमान गुभाजूले बुद्ध मूर्ति, पुस्तक र प्रशंसापत्र प्रदान गर्नु भएको थियो ।

परीक्षामा प्रथम श्रेणीमा उत्तीर्ण शाक्य परिवारका अन्य छात्रछात्राहरु क्रमशः सनिता वज्राचार्य, निगम शाक्य, विजयमान बुद्धाचार्य, अनुशा वज्राचार्य, वृष्णा शाक्य, सन्जु बुद्धाचार्य, अभिषेकमान गुभाजू, उत्सव शाक्य र आक्रोश वज्राचार्यलाई कार्यक्रममा बुद्ध धर्मका पुस्तकहरु उपहार प्रदान गरियो ।

सद्धर्म सभा धर्म संघ बुद्ध विहारका अध्यक्ष वेदमान गुभाजूको सभापतित्वमा भएको उक्त कार्यक्रममा सल्लाहकार मोतिमान शाक्यले स्वागत मन्तव्य, सदस्य चिजमान शाक्यले धन्यवाद ज्ञापन, सचिव कुलामान बुद्धाचार्यले प्रगति प्रतिवेदन र कोषाध्यक्ष श्याम शाक्यले आयव्यय विवरण पेश गर्नु भएको थियो ।

कार्यक्रममा भिक्षु श्रद्धानन्द, पोखरा विश्व-विद्यालयका रजिष्ट्रार प्रकाशमान गुभाजू, ज्ञानमाला संघका अध्यक्ष सुवर्ण वज्राचार्य, विन्ध्येश्वरी वोर्डिङ्ग स्कूलका संस्थापक शम्भु कार्की र छात्रा सन्जिला बुद्धाचार्यले बुद्ध दर्शनको बारेमा मन्तव्य दिनु भएको थियो ।

## सद्धर्म सभाको अध्यक्षमा कुलामान बुद्धाचार्य

पोखरा, १८ साउन । सद्धर्म सभा धर्म संघ बुद्ध विहारको आज सम्पन्न निर्वाचनले आगामी कार्यकालको लागि कुलामान बुद्धाचार्यको अध्यक्षतामा नयाँ कार्य समिति चयन गरेको छ ।

कार्य समितिका उपाध्यक्षमा तेजमान बुद्धाचार्य, सचिवमा श्याम शाक्य, कोषाध्यक्षमा पुष्करमान बुद्धाचार्य, सहसचिवमा चिजमान शाक्य रहनु भएको छ भने सदस्यहरुमा तेजेन्द्र शाक्य, शेरमान बुद्धाचार्य, कृष्णरत्न शाक्य, भरतराज शाक्य, दुर्गामान बुद्धाचार्य र वीरेन्द्र शाक्य निर्विरोध निर्वाचित हुनु भएको छ ।

निर्वाचन परिणामको घोषणा निर्वाचन आयुक्त सोम बज्राचार्यले र पदस्थापना सदस्य कृष्णमान गुभाजूले गराउनु भएको थियो ।

नवनिर्वाचित कार्य समितिको पहिलो बैठकले निवर्तमान अध्यक्ष वेदमान गुभाजू तथा बुद्धिमान वज्राचार्य, धर्मकुमार वज्राचार्य, चेतराज शाक्य, मोतिमान शाक्य, शुभालाल वज्राचार्य र गोपालमान बुद्धाचार्यलाई सल्लाहकारमा चयन गरेको छ ।

धर्मचक्षु परिवार नवनिर्वाचित पदाधिकारीलाई हार्दिक बधाई ज्ञापन गरी उहाँको कार्यकालको सफलताको लागि शुभकामना व्यक्त गर्दछ ।

## भिक्षु सुदर्शन महास्थविरको श्रद्धाञ्जलि कार्य क्रम सम्पन्न

श्रावण १८, शनिवार, बेनी बजारमा म्याग्दी वौद्ध संघको आयोजनामा भिक्षु सुदर्शन महास्थविरको श्रद्धाञ्जली कार्यक्रम वेनी वजार स्थित वौद्ध चैत्यको परिसर भित्र सम्पन्न भयो ।

त्यहाँ उपस्थित उपाशक उपाशिकाहरुद्वारा भिक्षुको फोटोमा फुलको गुच्छा चढाई एक मिनेट मौन धारण गरि शुरु भएको उक्त कार्यक्रममा मृतक आत्माको सुगतिको कामना गर्दै १०८ शान्ति दिप प्रज्वलनका साथ, बुद्ध पुजा, मरणानुस्मृति पाठ एव श्रद्धाञ्जली मन्तव्यहरु व्यक्त गर्दै कार्यक्रम सम्पन्न भयो ।

संघका सचिव याम शाक्यले भिक्षु सुदर्शन हास्थविरको जिवनी वारे प्रकाश पार्दै शुरु भएको कार्यक्रममा संघका सल्लाहाकार सदस्य श्री हरिकृष्ण श्रेष्ठज्यूले वुद्ध दर्शन प्रचार गर्नु भएको र उहाँबाट प्रकाशित कृतिवाट दिएको ज्ञान हामीहरुले अंगाल्न सकेमा आफ्नो लक्ष पुग्न सकिने छ भन्नु भयो । त्यसै गरि संघका संस्थापक अध्यक्ष श्री प्रकाश कुमार श्रेष्ठज्यूले बुद्ध धर्मलार्य नेपालको परिवेशमा माथी उठाउन विदेशी भिक्षुहरुसंग सम्पर्क गर्नु भै एसियामै सवभन्दा ठूलो र अग्लो चैत्यहरु वनाउने कार्यमा संलग्न रहेको वताउनु भयो र संघका अध्यक्ष श्री यज्जनलाल शाक्यज्यूले भिक्षु सुदर्शन महास्थविरज्यूले देखाउनु भएको वाटोमा हिड्नु पर्छ भन्नु भयो ।

## पाल्पामा संयुक्त शोकसभा

बौद्ध जगतका अत्यन्त प्रतिभाशाली बौद्ध विद्वान इतिहासकार, नेपाल भाषाका साहित्य विद एवं अन्वेषक तथा कर्तव्य निष्ठ भिक्षु सुदर्शन महास्थविरको यही २०५९ श्रावण ५ गते आइतवार भएको निधनबाट अत्यन्त मर्माहत हुँदै पाल्पाका सम्पूर्ण बौद्ध संघ सस्थाहरुको संयुक्त शोक सभा यही श्रावण २० गते धर्मोदय सभा पाल्पा शाखाको पहलमा श्री चिनिया लाल बज्राचार्यको अध्यक्षतामा महाचैत्य विहार, तानसेन, टक्सारमा बस्यो । सो शोक सभामा दिवगत भिक्षुको जीवनी तथा देन बारे चर्चा गर्दै श्रद्धाञ्जली व्यक्त गर्ने क्रममा प्रा. छत्रराज शाक्य, सुश्री सुमना शाक्य, चन्द्र लाल शाक्य, देवेन्द्र मान शाक्य, श्रीमती पूर्णमाया महर्जन, प्रेम मान शाक्य, दशरथ मुनी शाक्य बोल्नु भएको थियो ।

अध्यक्ष चिनियालाल बज्राचार्यज्यूबाट दिवगत भिक्षुबाट लुम्बिनीको सत्य तथ्य प्रकाशमा ल्याउन गर्नु भएको योगदानहरु बारे चर्चा गर्नु भएको थियो । शोक सभामा विशेष शोक प्रस्ताव पारित गर्नुका साथै एक मिनेट मौन धारण गरियो । भिक्षु सुदर्शन महास्थविरज्यूवाट बौद्ध जगतमा पुर्‍याउनु भएको गहकिलो योगदानहरुको चर्चा गर्नुका साथै कार्यक्रम सञ्चालन धर्मोदय सभा पाल्पाका सचिव चकोरमान शाक्यले गर्नु भएको थियो ।

सुदर्शन महास्थविर किशोर अवस्थामा नै प्रव्रजित हुनु भै जीवनको अन्तिम क्षण सम्म बौद्ध धर्म प्रति असीम श्रद्धा पूर्वक लाग्नु भएका पूज्य भिक्षुले बुद्ध धर्मको प्रचार प्रसार एवं बुद्ध शासनलाई अझ सुदृढ गर्ने क्रमम आफुलाई समर्पित गर्नुभयो ।

वहाँवाट भगवान बुद्धको जन्मस्थल लुम्बिनी तथा कपिलवस्तुवारे भएका अनेकौं भ्रामक प्रचार प्रसारहरुलाई खण्डन गर्दै गहन अन्वेषण तथा अनुसन्धान गर्दै सत्य तथ्य कुराहरु विश्वसामु प्रस्तुत गर्नु भएवाट विश्व बौद्ध जगत वहाँ प्रति कृतार्थ भएकाछन् ।

अन्तमा वहाँको देहावसानवाट मर्माहत हुँदै वहाँलाई निर्वाण प्राप्त होस् भन्ने प्रार्थना तथागत भगवान बुद्धसग गर्दै १ मिनेट मौन धारण गरेको थियो । उक्त शोक प्रस्ताव धर्मोदय सभा पाल्पाका सचिव चकोरमान शाक्यद्वारा प्रस्तुत गरिएको थियो ।

---

अशान्तिमा अन्तालिएकाहरुले कहिले काही शान्तिको नाम लिने गर्दछन् । शान्ति नारा, जुलुश, गोष्ठी र सेमिनारवाट मात्र प्राप्त हुने कुरा होइन । बौद्ध शिक्षा र संस्कृतिलाई हृदयदेखि अपनाएर व्यवहारमा परिलक्षित गर्न सकियो भने शान्ति कायम हुन सक्छ ।

– भिक्षु सुदर्शन महास्थविर



पोखराको विश्व शान्ति स्तूप पुनर्निर्माण समितिका पूर्व राष्ट्रिय अध्यक्ष

धर्मोदय सभाका पूर्व केन्द्रीय सभापति तथा धर्मानुशासक

**बौद्ध विद्वान, भाषा सेवी र बौद्ध शासनका अग्रणी व्यक्तित्व**

*भिक्षु सुदर्शन महास्थविरज्यूको २०५८ श्रवण ५ गते असामयिक*

**निधन भएकोमा उहाँ प्रति भावपूर्ण श्रद्धाञ्जलि अर्पण**

गर्दै उहाँको निर्वाण लाभको प्रार्थना गर्दछौं ।

**पुष्करमान बुद्धाचार्य**

**बुद्धाचार्य गहना गृह परिवार**

(सुन चाँदी दुकान)

मोहरियाटोल, पोखरा ।

फोन : ०६१-२३९२१, २०७३१, मोबाईल नं. : ९८६०-२०१३१

Wondershare PDFelement



पोखराको विश्व शान्ति स्तूप पुनर्निर्माण समितिका पूर्व राष्ट्रिय अध्यक्ष

धर्मोदय सभाका पूर्व केन्द्रीय सभापति तथा धर्मानुशासक

**बौद्ध विद्वान, भाषा सेवी र बौद्ध शासनका अग्रणी व्यक्तित्व**

*भिक्षु सुदर्शन महास्थविरज्यूको २०५८ श्रवण ५ गते असामयिक*

**निधन भएकोमा उहाँ प्रति भावपूर्ण श्रद्धाञ्जलि अर्पण**

गर्दै उहाँको निर्वाण लाभको प्रार्थना गर्दछौं ।


**वेदमान गुभाजू**

**तथा**

**कञ्चन आभूषण परिवार**

मोहरियाटोल, पोखरा

फोन : २१५४९



पोखराको विश्व शान्ति स्तूप पुनर्निर्माण समितिका पूर्व राष्ट्रिय अध्यक्ष

धर्मोदय सभाका पूर्व केन्द्रीय सभापति तथा धर्मानुशासक

**बौद्ध विद्वान, भाषा सेवी र बौद्ध शासनका अग्रणी व्यक्तित्व**

*भिक्षु सुदर्शन महास्थविरज्यूको २०५८ श्रवण ९ गते असामयिक*

**निधन भएकोमा उहाँ प्रति भावपूर्ण श्रद्धाञ्जलि अर्पण**

गर्दै उहाँको निर्वाण लाभको प्रार्थना गर्दछौं ।


**काजि बहादुर शाक्य**

**जातक टुर्स एण्ड ट्राभल्स**


मानभवन, ललितपुर

फोन : ५४९६०९, ५४९६१०, ५२६४९३

पोष्ट बक्स नं.: १०९४९, काठमाण्डौं, फ्याक्स : ९७७-१-५४१२७२

ई-मेल : jatak@mox.com.np

का.जि.द.नं.:- ३३/०५३/०५४
हुलाक दर्ता नं.:- ०१/०५८/०५९



HOTEL FEWA PRINCE PVT. LTD.

SPECIAL OFF SE [illegible] SCOUNT

ON ROOM

&

Swimming pool, Food& Beverage

**Our Facilities**

- Ample car parking
- garden facilities
- We organize children party, meeting, conference, outdoor catering, marrige party and many more

**For Information**

Pokhara :- **Tel.:** 24701 **Fax:** 24881
**E-mail:** fprince@cnet.wlink.com.np
Kathmandu: **Tel:** 254123 **Fax:** 241721
**E-mail:** hotel@fewaprince.wlink.com.np
**Website:** www.fewaprince.com